# एकाई - एक

# परिचय (Introduction)

## १.१ पृष्ठभूमि

द्वन्द्व समाजको अभिन्न अङ्ग हो त्यसैले समाज र संस्कृतिको व्याख्या गर्दा द्वन्द्वको वेवास्ता गर्नु हुदैन । व्यक्ति-व्यक्ति, समुह-समुह, राष्ट्र-राष्ट्र, राष्ट्र-अन्तराष्ट्र बीच हुने प्रतिस्पर्धा, संघर्षलाई नै द्वन्द्व भनिन्छ । प्रकृतिमा सीमित श्रोत र साधन हुने गर्दछ तर व्यक्ति, समाज, राष्ट्रका असीमित इच्छा, चाहना र आकांक्षा हुने गर्दछ, त्यसैले सीमित श्रोत र साधनमा पकड जमाउनका लागि गरीने संघर्षलाई नै द्वन्द्व भनिन्छ । सर्वप्रथम वौद्धिक तवरवाट समाज र संस्कृतिको विकासक्रममा द्वन्द्वको अवधारणा ल्याउने कार्य कार्लमार्क्स र एङ्गेल्सले गरेको भएपनि त्यो भन्दा अगाडि नै मेकियाभेली, बोडिन, खाल्डुन पोलीवियस, हब्स, लक, आदिले द्वन्द्वको प्रयोग गरिसकेका थिए (घिमिरे-२००५) । तर ती सवै अध्ययन अनुसन्धान वृहत दृष्टिकोणबाट गरिएको छ । कार्लमार्क्स र एङ्गेल्सले द्वन्द्वको वर्गीय आधारमा अध्ययन गरेका थिए । स्वदेशको अध्ययन गर्ने विदेशी विद्धानहरुले पनि एउटा जाति र अर्को जाति, तल्लो जात र माथिल्लो जात (L.Caplan, 1970, P.Caplan,1972) एक क्षेत्र र अर्को क्षेत्र (F.Gaize, 1975) लाई आधार वनाएर तिनीहरुबीचका तनाव, वेमेल, प्रतिस्पर्धा आदिलाई नै अनुसन्धानको विषयवस्तु वनाएको पाईन्छ । साथै स्वदेशको अध्ययन गर्ने स्वदेशी विद्धान डोरबहादुर विष्टले पनि मुल्य पद्दती (भाग्यवाद र विकास ) भित्रको द्वन्द्वको व्यख्या र विष्लेषण गरेको पाइन्छ । एउटै समूह बीचमा पनि द्वन्द्व हुने गर्दछ तर त्यस्ता द्वन्द्वहरुको अध्ययन एकदमै कम मात्रामा भएका छन् । एउटै समूहमा विभिन्न कारणले गर्दा द्वन्द्व भएको हुन्छन् जस्तै उमेर, पुस्ता, लिङ्ग, पेशा, वसाईसराई आदि ।

खासगरी द्वन्द्वको पछाडि मानिसमा विकास हुने अत्याचार, शङ्का-उपशङ्का अविश्वास वा श्रोत शत्तिको पहुँच तथा नियन्त्रणको बढ्दो महत्वकाङ्क्षा रहेको हुन्छ । द्वन्द्व सम्वन्धमा प्रतिबिम्बित भएको हुन्छ र यो व्यत्ति, समाज, समूह, समुदाय, देश र अन्तर्राष्ट्रियस्तरमा समेत देखिन्छ । यस्तो द्वन्द्वलाई तत्कालीन परिस्थिति, समय र बिषयवस्तुले प्रभाव पारेको हुन्छ । द्वन्द्व

सिकाइको श्रोत र समाज परिवर्तनको माध्यम पनि हो । मानिसले पुस्तक पढेर सिक्न नसक्ने विशिष्ट ज्ञान द्वन्द्वको यथार्थ अवस्थाबाट सिक्न सक्दछ । मानिस सामाजिक प्राणी भएकाले द्वन्द्व समाजका आधारभुत संरचना, सामाजिक मान्यता, राजनैतिक-आर्थिक र सामाजिक सम्बन्धको आधारमा सृजना र विकास हुन्छ (उप्रेति, २०६०:५) ।

द्वन्द्व समाधान भनेको द्वन्द्वका आधारभुत कारणहरु पत्ता लगाई त्यसको श्रोतमा नै निराकरण गर्नु हो, जुन सबै अवस्थामा वा सधैभरि सम्भव हुँदैन । तर पनि द्वन्द्वबाट पर्न सक्ने नकरात्मक प्रभावहरुलाई न्यून गर्ने, सामाजिक सम्बन्धलाई अरु खल्बल्याउनबाट रोक्ने र द्वन्द्व रुपान्तरणको लागि पृष्ठभूमि तयार गर्ने काम भने कायम राख्नुपर्छ र त्यो काम द्वन्द्व व्यवस्थापनले गर्दछ । द्वन्द्वको पूर्ण समाधान सधैं सम्भव नहुने हुँदा द्वन्द्व व्यवस्थापन अवधारणाको विकास भएको हो । सरल भाषामा द्वन्द्व व्यवस्थापनलाई परिभाषित गर्दा यो द्वन्द्वको तत्कालीन अवस्थाको सुधार गर्ने जुन द्वन्द्वको जड पत्ता लगाई त्यसको निराकरणको दिशामा केन्द्रित रहन्छ । द्वन्द्व व्यवस्थापन एक आपसी फाईदा, सामूहिक सिकाइ र द्वन्द्व रुपान्तरणको अवधारणामा आधारित हुन्छ । द्वन्द्वको पूर्ण समाधान नभएको अवस्थामा पनि द्वन्द्व व्यवस्थापनले द्वन्द्वको तनावपूर्ण अवस्थालाई न्यूनीकरण गर्दछ र समाधानको लागि उचित वातावरण तयार गर्दछ । त्यसैले द्वन्द्व व्यवस्थापन द्वन्द्व समाधानको एक अभिन्न अंग हो (उप्रेति, २०६०:१७) ।

समुदायमा भएका द्वन्द्व व्यबस्थापन गर्नको लागि आफ्नै खालको नियम कानुन मूल्य मान्यता संस्कृतिहरु रहेको हुन्छ जसलाई अनौपचारिक विवाद समाधान भनिन्छ । जसको माध्यामबाट राष्ट्रको नियम कानुन पुलिस प्रशासनले मिलाउन नसकेका मुद्धाहरुलाई मिलाएको पाइन्छ । नेपाल जस्तो राष्ट्रको लागि त झन् यसको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

समुदायमा भएका द्वन्द्व व्यबस्थापन गर्नको लागि राष्ट्रको नियम कानुन पुलिस प्रशासनद्धारा पनि समाजमा समस्या समाधान गरीन्छ जसलाई औपचारिक विवाद समाधान भनिन्छ । नेपालमा मूख्य गरेर सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालतहरु नै औपचारिक विवाद समाधान गर्ने संयन्त्रहरु हुन् ।

प्रत्येक जिल्लामा ७५ वटै जिल्ला अदालत छन् । जसले नियम कानुनको बर्खिलाप गर्ने उपर कारबाइको लागि बैधानिक कानुन प्राप्त गर्दछन । तथापि बिभिन्न तवरले गर्दा त्यस्ता संस्थाहरुले जनताको सार्वजनिक सेवा अनुसार कार्य निरुपण गर्न सकेका छैनन् । कतिपय जनताहरु प्राप्त न्याय प्रणाली बारे बेखबर छन् त कतिपय बैधानिक अदालतमा पुग्न सक्दैनन अदालतको लामो जटिल तथा उच्च स्तरको कारणले धेरैको लागि यो सेवा सुविधा पँहुचभन्दा बाहिर छ । अनुमानित रुपमा नेपालभरि भएका विवादहरु मध्ये १५ प्रतिशत जतिमात्र अदालतमा पुग्ने गरेको पाइन्छ (कट्टेल र क्षेत्री, २००४:३-४) ।

नेपाल भित्र बिभिन्न जातजातिहरु रहेका मध्ये राजवंशी एउटा आदिवासी समुदाय हो । घिमिरे, (२०१०)का अनुसार १३१८ सालतिर सम्पादन गरेको तवाकता इ नासिरीमा कामरुपमा कोच, मेच र थारुहरु बसोबास गर्दछन् भनी लेखेको छ । हड्सनले आर्यहरु आउनुभन्दा अगाडि नै कोचहरु आएका लेखेका छन् । उनको मतमा हाजोले कोच राज्य स्थापना गरे हाजोको नाति विशु हिन्दू भई विश्व सिंह भए पछि आफुलाई कोच भन्न छाडि राजवंशी कहलाए घिमिरे, ( २०१०:५५८) । गेटले लेखेका छन -'कोच र राजवंशी बेग्ला बेग्लै जातिका हुन् । कोचहरु आफुलाई राजवंशी भन्दछन् तर कोचहरु मङ्गोली हुन र राजवंशी जातिहरु द्रविड हुन । यो नाम यिनीहरुले कोचराजा हुनुभन्दा पहिले देखि नै पाएका हुन् । जसको वर्ण कालो मङ्गोली अनुहारको छ अथवा कोच मिश्रित जातिका छन् । यिनीहरुको उत्पतिको सन्दर्भमा फरक-फरक मत रहेको पाइन्छ जुन अर्को बहसको विषय हुन सक्छ (घिमिरे, २०१०:५५९) ।

२००१ को जनगणना अनुसार नेपालमा जम्मा राजवंशीको संख्या ९५,८१२ रहेको त्यसमा महिलाको संख्या भन्दा पुरूषको संख्या वढी रहेको देखाएको छ । साथै राजवंशीलाई मातृभाषाको रूपमा वोल्ने जनसंख्या भने १,२९,८२९ रहेको छ । राजवंशी समुदायको वसोवास विशेष गरी झापा र मोरङ्गमा रहेको छ । झापामा राजवंशीहरु ५८,०२४ रहेको छ जसमध्ये २८,९२६ पुरूष र २९,०९८ महिला रहेको छन् । (Population census 2001) झापा जिल्लामा राजवंशीको साथै अन्य धेरै जातजातिहरु रहेका छन् । जसमा, वाहुन, क्षेत्री, जस्ता तथाकथित उच्च जातिका मानिसहरुको साथै मंगोलियनहरु राई, लिम्वू, गुरुङ, तामाङ्ग, आदि रहेको छन् । त्यस्तै विभिन्न आदिवासी समुदायहरु, राजवंशी, ताजपूरिया, मेचे, कोचे, लेप्चा,

थारु, दनुवार, धिमाल, गनगाई, आदि छन् । यस जिल्लामा ३ वटा नगरपालिका ४७ वटा गा.वि.स. रहेका छन् । भने २००१ को जनगणनाअनुसार ६,३३,०४२ जनसंख्या रहेको छ ।

राजवंशी समुदायको शैक्षिक, राजनीतिक, आर्थिक, अवस्थाहरु अन्य वाहुन, क्षेत्री, राई, लिम्वूको भन्दा न्यून स्तरको रहेको छ । आजभन्दा ५०/६० वर्ष अगाडि उनीहरुको जीवन एकदमै सरल, सामान्य प्रकृतिको रहेको थियो । तिनीहरुको सामाजिक सांस्कृतिक संरचनाहरु, मूल्य, मान्यता, संस्कारहरु परिवर्तित भइरहेको छ उनीहरुले आफ्नो मौलिक परम्परा, मूल्य, मान्यता, छाड्दै तथाकथित उच्च जातको परम्परा मूल्य मान्यता संस्कार र संस्कृतिहरु प्रयोग गर्दै आइरहेका छन् । उनीहरुको उक्त परम्परा संस्कृति, सामाजिक संरचनाहरु परिवर्तित हुनाको कारण हामीले समाजशास्त्रीय दृष्टिकोणवाट बिश्लेषण गर्दा आधुनिकीकरण पश्चिमीकरण, संस्कृतीकरण , विश्वव्यापीकरणले गर्दा भएको हो । उनीहरुको प्रशासनिक, राजनैतिक, क्षेत्रमा अति नै कम पहुँच रहेकोमा अहिले भर्खरै आएर आरक्षणको सुविधाले गर्दा केही पँहुच रहेको छ र भने आर्थिक साथै अन्य क्षेत्रमा पनि कम पहुँच रहेको पाइन्छ (श्रेष्ठ-२००९) ।

## १.२ समस्याको कथन :–

समाजमा एउटै जाति बीच पनि द्वन्द्व भइरहेको हुन्छ र त्यो समायोजन भएर समाजको निरन्तरता भइरहेको हुन्छ तर एउटै जाति भित्र हुने द्वन्द्व र त्यसैको समायोजनको प्रकृया बारे कम अनुसन्धान भएको पाइन्छ । त्यसैले गर्दा अनुसन्धानकर्ताले राजवंशी समुदाय बीच कसरी द्वन्द्व सृजना हुन्छ, र त्यसलाई कसरी व्यवस्थापन गरीन्छ राजवंशी समुदाय भित्र रहेको सामाजिक, सांस्कृतिक विवाद, प्रतिस्पर्धा, द्वन्द्व, कसरी सृजित छन् र त्यस्ता द्वन्द्व सृजनाका कारणहरु के के हुन् ? त्यसको व्याख्या र विश्लेषण गर्ने कोशिस गरेका छन् । एउटै परिवारका सदस्यहरु बीच भएको द्वन्द्व, छिमेकी-छिमेकी बीच भएको सामुदायिक द्वन्द्व एउटै पुस्ता वा दुई पुस्ता बीचको द्वन्द्वलाई विषयवस्तु बनाएका छन् । साथै त्यस्ताखालका द्वन्द्वहरु व्यवस्थापनको तरिकालाई बिश्लेषण गर्नका लागि यो अनुसन्धान गरिएको हो । राजवंशी समुदाय बीच असमान व्यवहार, शोषण, तनाव, वेमेल, प्रतिस्पर्धा भएता पनि त्यो समाजमा त्यस्ता खालको द्वन्द्व व्यवस्थापन गर्ने तरिकाहरु, आफ्नै मौलिक नियम, मूल्य, मान्यताहरु रहेको पाइन्छ । तिनीहरुको द्वन्द्व व्यवस्थापनका तरिकाहरु के के हुन् ? उनीहरुले चलाउदै आएका अभ्यास

मौलिक मान्यता, प्रचलन, नियम, कानुनहरु कस्ता छन् ? आर्थिक राजनैतिक रुपले पिछडिएका आदिवासीले समस्या समाधानका लागि छुट्टै खालको अभ्यास गर्नु, नियम कानुन बनाउनुको कारण के के हुन् ? कसरी उनीहरुले द्वन्द्व व्यवस्थापन गर्दै समाजको निरन्तरता दिदै आएका छन् ? त्यसको व्याख्या र बिश्लेषण गर्नको लागि यो अनुसन्धान गरिएको हो ।

अन्त्यमा, अहिले सम्मका धेरैजसो अध्ययन अनुसन्धानमा राष्ट्रिय-अन्तराष्ट्रिय, समूह-समूह, राष्ट्र-राष्ट्र, एउटा जात र अर्को जात बिचको असमान व्यवहार तनाव द्वन्द्व, संघर्ष, प्रतिस्पर्धालाई बढी जोड दिएर ब्याख्या र बिश्लेषण गर्नुका साथै एउटै समुह  भित्रको, तनाव, संघर्ष, प्रतिस्पर्धा, द्वन्द्वलाई कम महत्व दिएकाले गर्दा अनुसन्धानकर्ताले एउटै समुह भित्रको संघर्ष र प्रतिस्पर्धालाई बाहिर निकाली त्यस्ता खालको द्वन्द्वलाई कसरी व्यवस्थापन गरिन्छ, त्यसको शुक्ष्म ढङ्गले खोज अनुसन्धान गर्ने धेय अनुसन्धानकर्ताको रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य :-

अध्ययनको सामान्य उद्देश्य राजवंशी समुदाय भित्र हुने द्वन्द्व र द्वन्द्व समाधान गर्ने प्रकृयाको व्याख्या तथा बिश्लेषण गर्नु रहेको छ ।

**विशिष्ट उद्देश्य :-**

- राजवंशी समुदायको एउटा पुस्ता र अर्को पुस्ता बीच वा एउटै पुस्ताबीचको द्वन्द्व बारे पत्ता लगाउने ।
- राजवंशी समुदायको घरपरिवारका सदस्यहरु बीच द्वन्द्वका कारणहरु प्रकाश पार्ने ।
- राजवंशी समुदायमा विगतमा भएका द्वन्द्व व्यवस्थापनको अभ्यास र तरिका पत्ता लगाउन ।

## १.४ अध्ययनको महत्व :-

- यस अनुसन्धानमा अनुसन्धानकर्ताले राजवंशी समुदायबीचको विवाह, भाषा, चाडपार्व, संस्कार जस्ता पक्षमा तिनीहरु बीच भएको एउटा पुस्ता र अर्को पुस्ता साथै एउटै पुस्ताबीचको संघर्ष, प्रतिस्पर्धा, विभेद, भिन्नतालाई बिश्लेषण गर्ने प्रयत्न गरिएको छ जुन यस अध्ययनको महत्वपूर्ण पक्ष हो ।

- राजवंशी समुदाय भित्रै रहेको त्यस्ता असमान व्यवहार शोषण तनाव प्रतिस्पर्धा वेमेल आदिको साथसाथै पनि सामाजिक व्यवस्थाको निरन्तरता रहेको छ । त्यसैले अनुसन्धानकर्ताले ती द्वन्द्व व्यवस्थापनको तरिकालाई पनि गहिरो विश्लेषण गर्ने प्रयत्न गरेका छन् जुन यस अध्ययनको महत्वपूर्ण पक्ष हो ।
- द्वन्द्वात्मक सिद्धान्त प्रयोग गरिएर लेखिएका पत्र पत्रिका लेख रचना पूस्तकहरुको विश्लेषण गर्दा प्रायजसो पूस्तक, पत्रिका लेख रचनाहरुमा द्वन्द्वको बृहत दृष्टिकोण लाई जोड दिएर द्वन्द्वको शुक्ष्म दृष्टिकोणलाई कम जोड दिएका छन् त्यसैले अनुसन्धानकर्ताले यस अनुसन्धानमा द्वन्द्वको शुक्ष्म दृष्टिकोणलाई उठाउन खोजेका छन् । जुनपक्ष लाई यस अनुसन्धानको महत्वको रुपमा लिन सकिन्छ ।
- स्थानीय विवाद समाधानको तरिका र परम्परागत विवाद समाधानको तरिकाले आजको आधुनिक युगमा खेलेको भूमिकालाई देखाउनको लागि यो अध्ययन महत्वपूर्ण मान्न सकिन्छ ।
- यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहने जो सुकै जुन सुकै निकायका कर्मचारी तथा सर्वसाधारणको लागि र अन्य विद्यार्थीहरुको लागि पनि यसको महत्व हुन सक्छ ।

# एकाई - दुई

## सन्दर्भ साहित्यको समीक्षा (Literature Review)

### २.१ पृष्ठभूमि

यस अध्यायमा द्वन्द्व सम्बनधी सैदान्तिक बुझाई र अनुभवजन्य अध्ययनहरुको समिक्षा गरिनेछ । नेपालमा द्वन्द्व सम्बन्धी चर्चा-परिचर्चा धेरै भएता पनि द्वन्द्वलाई समाजशात्रीय ढङ्गवाट बुझ्ने, केलाउने र विश्लेषण गर्ने काम कम भएको देखिन्छ । विगतमा भएका द्वन्द्व सम्बन्धी अध्ययनहरु अन्तरजातीय, अन्तरक्षेत्रीय, राजनितिक द्वन्द्वसँग सिमित छन् । यस अध्ययनलाई मुलरुपमा दुई भागमा विभाजन गरिएको छ । पहिलो उपशीर्षकले सैदान्तिक अवधारणालाई पुनरावलोकन गर्नेछ । दास्रो उपशीर्षकले अनुभवजन्य अध्ययनको समिक्षा गर्नेछ ।

द्वन्द्व वास्तवमा समाज परिवर्तनको प्रतिविम्व हो । समाजमा भिन्न-भिन्न सामाजिक मूल्य, मान्यता, आर्दश, बीचार, उत्पादन प्रणाली भएका जात-जातिहरुको बसोबास रहेको हुन्छ र तिनीहरुको बीच रहेको अन्तरद्वन्द्वले समाजको परिवर्तन हुने गर्दछ ।

### २.२ सैद्धान्तिक अवधारणा

सामान्य बोलीचालीको भाषामा द्वन्द्व भन्नाले झगडा, मनमुटाव, वैरभाव, दुस्मनी, काटमार, हिंसा, लडाइ आदि भन्ने बुझिन्छ । यस्ता शब्दहरुको प्रयोग व्यक्ति स्थान र परिस्थिति अनुसार भिन्न-भिन्न तरिकाले भिन्न रुपमा भएको पाइन्छ । द्वन्द्वका अनुयायी वा द्वन्द्व विश्लेषण कर्ताहरुले द्वन्द्वलाई भिन्ना-भिन्नै तरिकाबाट परिभाषित गरेका छन् ।

समाजमा रहेका श्रोत र साधनहरुको असमान वितरण, उपलब्ध अवसरहरुमा असमान पहुँच, शक्तिको असमान प्रयोग, पुरस्कार, दण्ड र न्यायको विभेदपूर्ण प्रयोग, बिचारको, संस्कृति, अभिव्यक्ति, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक, वर्ण र वर्गीय आधारमा राज्य र गैर-राज्य शक्तिहरुबाट हुने सामाजिक, राजनीतिक, आर्थिक भेदभावको कारणले द्वन्द्वको सृजना हुने गर्दछ (उप्रेति २०६०: ५-६) ।

Dadhich (2003) का अनुसार, मार्क्सले समाज विकासको प्रक्रियामा द्वन्द्वलाई महत्व दिने गर्दछन् साथै सामाजिक व्यवस्थामा परिवर्तनको मुख्य श्रोत द्वन्द्वलाई मान्दछन् । तर मार्क्सको द्वन्द्व हिंसामा आधारित छ । समाजमा सिमित श्रोत र साधन, शक्ति र सम्पत्ति हुन्छ जसको वितरण असमान किसिमले हुने भएकाले द्वन्द्व हुने गर्दछ ।

उप्रेति (२०६०: ६) का अनुसार, "मार्क्सवादी दर्शन वर्गीय समाजमा रहने अन्तरविरोधहरु द्वन्द्वका अवधारणा बुझ्ने अत्यन्त सटिक माध्यम हो । समाज रहेसम्म सामाजिक अन्तरविरोध पनि रहिरहन्छ तर यो अन्तरविरोधको स्वरुप समय र परिस्थिति अनुसार परिवर्तन हुदै जान्छ ।" कार्लमार्क्सले द्वन्द्वका आधारमा वर्ग संघर्षको विश्वव्यापी समाजवादी राजनीतिक सिद्धान्तको प्रतिपादन समेत गरेका थिए । यस सन्र्दभमा उनी भन्दछन् -" द्वन्द्व भनेको समाजका शक्ति र उत्पादनको श्रोत माथि नियन्त्रण गरेका र श्रोत शक्ति कम भएका विपन्न वर्ग बीचको उक्त श्रोत र शक्ति आफ्नो पक्षमा पार्ने मानसिकताबाट सिर्जित अवस्था हो जुन समाजमा असमानता भए सम्म रहिरहन्छ ।"

मिश्र (२०६२: ३८) ले ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादको वर्णन गर्ने क्रममा द्वन्द्वात्मकलाई यसरी विश्लेषण गरेका छन् । " द्वन्द्वात्मक कुन अर्थमा भने यो परिवर्तन र इतिहास सरल रुपले बिध्न बाधा, ठक्कर, कलह, बाह्य विरोध र अन्तरविरोध बिना प्रभावित हुदैन । व्यक्ति-व्यक्ति देखि वर्ग र विश्व तहको, धर्म सम्प्रदाय देखि विज्ञान सम्मको, बिचार देखि व्यवहार सम्मको, शान्ति देखि युद्ध सम्मको द्वन्द्व पार गर्दै परिवर्तन र इतिहासको निर्माण हुन्छ" ।

मार्क्सवादी व्याख्या अनुसार, " मानव समाज परिवर्तनशील हुन्छ र यो परिवर्तन परिमाणात्मकवाट वृद्धि हुदै गुणात्मक तरिकाले हुने गर्दछ । जुनसुकै वस्तुमा पनि अन्तरविरोध हुन्छ र त्यसभित्र रहेको अन्तरविरोधवाट नै त्यसको नास वा पतन हुन्छ । समाजमा सिमित श्रोत र साधन हुने गर्दछ जसमा पहुँच जमाउन दुई वर्ग बीच द्वन्द्व रहेको हुन्छ । समाजमा रहेको उत्पादन प्रणाली (आधार संरचना र उपरी संरचना) अनुसार समाजको निर्माण हुन्छ । समाज एउटा उत्पादन प्रणालीवाट अर्को उत्पादन प्रणालीमा रुपान्तरण हुनको लागि दुई वर्ग बीच द्वन्द्व भएको हुन्छ, जस्तै :- आदिम साम्यवादमा बलिया र दुर्बल बीचको द्वन्द्व, दासयुगमा

मालिक र दास बीचको द्वन्द्व, सामन्तवादी युगमा सामन्त र किसान बीचको द्वन्द्व, पुँजीवादमा पुँजीपति र श्रमिक बीचको द्वन्द्वलाई लिन सकिन्छ " ओजा (२०६३) ।

फ्रुज र स्टाफोर्डले "द्वन्द्व भनेको व्यक्तिहरु वा समूहहरुको बीचमा हुने साँस्कृतिक, सामाजिक, राजनीतिक र आर्थिक स्वार्थ, दृष्टिकोण वा बुझाइमा देखिएको भिन्नताको कारणले सिर्जित अवस्था हो" भनेका छन् । वेभर १९४८ ले द्वन्द्व भनेको सामाजिक जीवनको एक अपरिहार्य यर्थाथ हो जुन शक्तिको प्रभाव र भिन्नताबाट उब्जिएको हुन्छ भनेका छन् । त्यसैगरी आफ्नो "सामाजिक कार्य सिद्धान्त" मा म्याक्स वेभर 'द्वन्द्व समाजको अपरिहार्य सामाजिक प्रक्रियाको रुपमा रहने र त्यस्ता द्वन्द्वले प्रायशः शक्तिशाली व्यक्तिको पक्षलाई फाइदा पु-याउछ' भनी परिभाषित गरेका छन् । ब्रुटनले द्वन्द्वलाई परिभाषित गर्दै भनेका छन् "द्वन्द्व यस्तो परिस्थिति हो जहाँ व्यक्ति वा समूह बाझिने वा अमिल्दा उद्देश्यहरु र मूल्य-मान्यताको चरणबाट प्रभावित हुन्छन्  (उप्रेति २०६०: ४-५) ।

उप्रेति (२०६०: ५) मा उनले द्वन्द्वलाई यसरी परिभाषित गरेका छन् । "द्वन्द्व भनेको मूल्य-मान्यता, विश्वास, बुझाइ र अवधारणामा रहने भिन्नताका कारण उत्पन्न हुने मनोवैज्ञानिक अवस्था हो जुन विभिन्न स्वरुप जस्तै असहमति, प्रतिक्रिया, क्रोध, रिसीवि, दुस्मनी, गाली-गलौज, उजुरी, मुद्दा-मामिला, कुट-पिट वा हिंसा र युद्धको रुपमा समाजमा देखा पर्दछ ।"

## २.३ सामाजिक द्वन्द्व सम्बन्धी भएका अनुभवजन्य अध्ययनहरु :-

नेपालमा समाजशास्त्र तथा मानवशास्त्रका क्षेत्रमा सामाजिक द्वन्द्वका क्षेत्रमा सिमित अध्ययन अनुसन्धान गरेको पाइन्छ । केही विद्धानहरु (विष्ट १९९१०, एल. कप्लान १९७०, पि.कप्लान १९७२, गेज १९६८, दाहाल र राई २००७, उप्रेति २०६०) ले सामाजिक द्वन्द्वका विभिन्न आयाम माथि प्रकाश पारेका छन् ।

विष्ट (१९९०), ले मूल्य पद्धती (भाग्यवाद र विकास) भित्रको द्वन्द्वलाई देखाएका छन् जसमा विष्टले हिन्दु धर्म (उच्च जाति र गैर हिन्दु तथा तल्ला जाति) भाग्यवाद र कर्मवाद, आफ्नो मान्छे वा नातावाद र अरुको मान्छे, चाकरीवाल र चाकरीवाल विहिन, परम्परागत र

आधुनिक शिक्षा, राजनीतिक शक्तिहरु आदिको बीचमा द्वन्द्व भएको कुरालाई भाग्यवाद र विकासमा देखाएका छन् । विकासका मूख्य वाधक हिन्दु धर्म, माथि बाट तल जाने विकासको रणनीति हुनु, आर्थिक विकासको नकारात्मक पक्षको चर्चा नगर्नु, वास्तविक विकास के हो त ? त्यसलाई परिभाषित गर्न नसक्नु जस्ता विभिन्न कमजोरी रहेको पाइन्छ ।

एल. कप्लान (१९७०) ले बाहुन र लिम्बुहरुमा भएका छुट्टा-छुट्टै साँस्कृतिक विशेषता (ब्राम्हणले शाकाहारी भोजनका साथै जाँड-रक्सी नखाने, लिम्बुहरु जाँड-रक्सीहरु नभइ नहुने फरक संस्कृति एउटै समुदायमा हुनु) का कारण बाहुन र लिम्बुहरुको बीचमा द्वन्द्व रहेको छ । त्यसैगरी लिम्बुले प्रयोग गर्दै आएका किपट भूमिमा बाहुनहरुले आधिपत्य जमाउँदै जाँदा द्वन्द्व हुने गरेका पाइन्छ । एल. कप्लानले अझ महत्वपूर्ण पक्ष अन्तर जातीय द्वन्द्वलाई पनि देखाएका छन् जसमा उच्च आर्थिक राजनीतिक हैसियत भएका लिम्बूकले निम्न आर्थिक राजनीतिक हैसियत भएका लिम्बुलाई दमन गरेको देखाएका छन् । जसबाट जातीय प्रणाली भित्रको आन्तरिक संघर्षलाई स्पष्ट देख्न सकिन्छ ।

उनले लिम्बू र वाहुन बीचको द्वन्द्वलाई दुई खण्डमा राखेर हेरेका छन् । जसमा पहिलो हो अन्तरनिर्भरताको सम्बन्ध अर्को हो वैमनस्यताको सम्बन्ध । अन्तरनिर्भरताको सम्बन्ध अनुसार लिम्बूहरु वाहुनसँग ऋण सापटि, सरकारी कार्यलयवाट हुने कामकाज लिन आश्रित थिए भने वाहुनहरु लिम्बूसँग श्रम लिन आश्रित थिए । लिम्बूहरुको किपट जग्गा विस्तारै रैकरमा परिवर्तन हुदै गएको कारण लिम्बूको वाहुनसँग वैमनस्यताको सम्बन्ध कायमै थियो । हिन्दु र आदिबासीको सम्बन्ध बुझ्न कप्लानले गरेको अध्ययनले ज्यादै महत्वपूर्ण योगदान दिएको छ । तर उत्तः कृतिले लिम्बु समुदाय र वाहुन समुदाय बीच हुने अन्तरद्वन्द्व र वेमेलको विषयलाई प्रकास पारेको छैन ।

पि. कप्लान (१९७२) ले आफ्नो पुस्तक बाहुन र सार्कीहरुमा पश्चिम नेपालमा बस्दै आएका बाहुन र अछुत जाति बीचको संघर्षलाई देखाएका छन् । उक्त पुस्तकमा दूराई गाउँका उच्च जाति र अछुत जाति बीच सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक पक्षको द्वन्द्वलाई समेटेको छ त्यसैगरी उक्त पुस्तकमा उच्च जाति बीच पनि संघर्ष रहेको कुरालाई प्रष्ट सँग देखाइएको छ । जसमा रामाश र भुर्तेल बीचमा शक्ति र पदका लागि पटक-पटक संघर्ष भएको

पाइन्छ । चुनावमा प्रत्येक पटक यी उच्च जाति बीच गाउँको मूख्य व्यक्ति र गाउँ परिषदमा पुग्नका लागि द्वन्द्व भएको कुराबाट माथिल्लो जात भित्रको आन्तरिक द्वन्द्वलाई बुझ्न सकिन्छ ।

एफ. गेज (१९७५) ले नेपालको तराई क्षेत्रमा पहाडीया र तराईवासीको बीचमा भूमि, नागरीकता, भाषा, संस्कृतिको बीचमा भएको द्वन्द्वलाई आन्तरिक द्वन्द्व र नेपाल र भारतबीच भएको सीमा अतिक्रमण, प्रहरीहरुको अवैध प्रवेश, तस्करी, कालोबजारका सम्बन्धमा पटक-पटक द्वन्द्व हुदै आएको कुरालाई बाह्य द्वन्द्वका रुपमा लिएका छन् ।

दाहाल र राई (२००७) ले Conflict in Nepal मा समाहित लेखमा माओवादी विद्रोहको अवस्था, हिंसा, त्रास, माओवादी जनयुद्धले आर्मी, सर्वसाधारण जनताको जिविकोपार्जनमा परेको वाधा व्यवधान र तिनीहरुको जीवनमा परेको असरलाई देखाएको छ । परिवर्तनका लागि राजतन्त्रात्मक शासनको विरुद्ध क्रान्ती र वृहत राजनीति गतिशीलता माथि विभिन्न राजनीतिक दल, विद्यार्थी संगठन, पत्र-पत्रिका, अखबार, बुलेटिन, नागरीक समाजका सदस्यहरुले आफ्नो ज्यानको प्रवाह नगरी अगाडि बढेको देखाएका छन् साथै क्रान्तीको समयमा भत्काइएका भौतिक सामाग्री र जनताको मृत्युलाई वृहत द्वन्द्वात्मक शैलीमा वर्णन गरेका छन् ।

मानवशास्त्री, अनुसन्धानकर्ता र तिनीहरुको सम्पर्क, सम्बन्ध र प्रभावबाट विकास भएको एक धारले व्याख्या गरेजस्तो जातीय भेदभाव नै नेपालको सबै सामाजिक-आर्थिक समस्याको जड नभई बर्गीय विभेद जातीय विभेद भन्दा ठूलो जड हो । सात बर्ष पूर्वी पहाडी क्षेत्र (इलाम, पाँचथर, ताप्लेजुङ) को सामाजिक, आर्थिक, रुपान्तरणको लागि दुर्गम क्षेत्रका पिछडिएका समुदायलाई लक्षित गरी सञ्चालित विकास योजनाको कार्यान्वयको सिलसिलामा ग्रामीण क्षेत्रमा पुग्दा के देंखे भने ती गाउँहरुमा लिम्वु समुदायका गरीब व्यत्तिलाई शत्तिशाली र सम्वृद्धशाली लिम्बुहरुले, बाहुन-क्षेत्री समुदायका गरीवहरुलाई शत्तिशाली र सम्पन्न बाहुन क्षेत्रीले अत्यन्त दर्दनाक शोषण गरिरहेका छन् । त्यहाँ पश्चिमा समाजशास्त्री-मानवशास्त्री, विकासविद् र नेपालका केही विश्लेषकहरुले चित्रण गरेको भन्दा भिन्न अवस्था देखियो जहाँ जातीय शोषण कम र वर्गीय शोषण बढी भएको, उपल्लोवर्गका सत्तामा पकड राख्ने केही मुठ्ठीभर माथिल्लो वर्गका लिम्बू, राई र क्षेत्रीबाहुनले बहुसङ्ख्यक राई, लिम्बू र क्षेत्रीबाहुनलाई नै शोषण गरेको र दबाएका प्रमाणहरु बढी देखिए । त्यसकारण सामाजिक भेदभाव र असमानता, जातीय मुद्दा मात्र

होइन एउटै जनजातिभित्र पनि वर्गीय आधारमा सम्पन्नवर्गले विपन्न वर्गमाथि गरेको अन्याय, अत्याचार, भेदभाव, नेपालको सामाजिक द्वन्द्वको जडको रुपमा रहेको देखिन्छ (उप्रेति, २०६०:५७) ।

द्वन्द्व व्यवस्थापन प्रकृयामा (कट्टेल र क्षेत्री, २००४) ले उनीहरुको पुस्तक Dispute Resolution मा राई, लिम्बु, किसान, थारु, सतार आदि जातजातिहरुको द्वन्द्व व्यवस्थापन सम्बन्धी अभ्यासलाई स्पष्ट पारेका छन् ।

नेपालको पूर्वी तराइको झापा र मोरङ जिल्लामा सतार जातिको वसोवास रहेको पाइन्छ । उनीहरु आफ्नो समुदायमा भएको विवादलाई आफ्नै सामुदायिक संयन्त्रद्धारा व्यवस्थापन गर्न सक्छन् । त्यस समुदायको विवाद समाधानमा स्थानीय स्तरका कर्मचारीको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

सदियौंदेखि सतार समुदायले मानेको बुद्धिजिबी, जेष्ठ सदस्य, अनुभवि व्यत्तिलाई उनीहरुको समस्या समाधान गर्न माझी हडामको नियुत्ति गरिन्छ जुन सबै सतार समुदायको सहमतिमा भएको हुन्छ । माझी हडामलाई सहयोग गर्नको लागि सहायक नेतृत्वको रुपमा जगमाझीलाई पनि चुनिन्छ । त्यसैगरी त्यो समुदायको समस्या र विवादहरुको समाधानको लागि वैठक कहिले र कहाँ बस्ने आदि वारे जानकारी दिनको लागि गुडिट्सहरुलाई सन्देशकका रुपमा नियुत्ति गरिन्छ ।

पीडित समुदायलाई वादि भनिन्छ भने पीडक समुदायलाई कादि भनिन्छ । सतार समुदायमा विवाद समाधानको लागि पीडित समुहले घट्नाको विवरण माझी हडामलाई सुनाउँछ । त्यसपछि माझ हडामले गुडिट्सलाई समुदायको सदस्यहरुलाई वोलाउन लगाउँछ जसलाई समाज वस्ने भनिन्छ । वैठकमा पूर्ण रुपमा निर्णय गर्ने अधिकार माझी हडामको हुन्छ । यदि दुई गाउँका सतारहरुको झगडा भएको छ भने दुई गाउँकै माझी हडाम भेला भएर विवादलाई वुझेर समाधान गर्छन् ।

समुदायले गरेको गल्ति अनुसार जुन समूह वा व्यत्तिले गल्ति गरेको छ त्यसले रक्सी ल्याएर समुदायमा सतारलाई ख्वाउनु पर्छ । कुनै पनि व्यत्ति वा समुदायले गरेको घट्नानूसार

उनीहरुले विभिन्न किसिमका सँजाय पाउँछन् जस्तैः यदि कुनै सतारले गैर सतारसँग विहे गर्दा, यौन सम्बन्ध राख्दा नगद साथै अन्य जरिवानाको प्रावधान पनि राखेको पाइन्छ जस्तै १०० प्लेट खाना, १०० रुपैंया जरिवाना जसको निर्णय समाज वस्ने वैठकले गर्दछ भने मूख्य निर्णयकर्ता माझी हडाम हुन्छ । उनीहरुको अर्को सास्कृतिक विश्वास के छ भने समुदायमा झगडा, विवाद, समस्या आयो भने ढुङ्गाका साना साना टुक्राहरुलाई गाउँको बीचमा जलाइन्छ जसले गर्दा त्यो झगडा, विवाद, समस्याको समाधान हुन्छ ।

द्वन्द्व व्यवस्थापन प्रकृयामा थारुहरुको आफ्नै किसिमको संयन्त्र रहेको छ । जुन संयन्त्रलाई बढ्घर भनिन्छ जसबाट थारु समुदायले उनीहरुका बीच असहमति भएका विषयवस्तुलाई समाधान गर्ने गर्दछन् । बढ्घर भन्नाले ठूलो घर हो जुन स्थानीय थारुहरुद्वारा विश्वासिलो, वौद्धिक र नैतिकवान् रुपमा समुदायलाई एकीकरण बनाउनमा सहयोग पु-याउछ । त्यो बढ्घर एक वा दुई वर्षको लागि हुन्छ । त्यसको मूख्य काम नै विभिन्न विवाद र समस्याहरुलाई थारु समुदायसँग अवगत गराई समाधान गर्नु हो ।

त्यहाँका वहुमत जनताले सिंचाइको साथसाथै विभिन्न स्थानीय श्रोतहरुको सक्दो उपभोग गर्ने गर्दछन् । जसमा विवादित समूहले पहिला आफ्ना समस्या राख्छन् र त्यसपछि उक्त संस्थाले दूवै तर्फका कुराहरु सुनी अन्त्यमा सही निर्णय गर्दछ । र ती निर्णयहरु समाजका व्यात्तिहरुद्धारा प्राय स्वीकार्य नै हुन्छ । यदि उनीहरुलाई बढ्घरको निर्णयप्रति असन्तुष्टि भएमा जिल्ला अदालतमा आफ्ना समस्याहरु राख्ने व्यवस्था छ । विभिन्न संस्थाका प्रतिवेदकहरुले त्यस संस्थाका काम प्रति शंका उपशंका गरी त्यसलाई कम महत्वपूर्ण संस्थाको रुपमा लिएता पनि स्थानीय जनताहरु आफ्ना विवादित समस्यको लागि सोही संस्थामा जाने गरेका छन् (कट्टेल र क्षेत्री, २००४) ।

## २.४ राजवंशी जाति सम्बन्धी भएका अध्ययनहरु

राजवंशी समुदायभित्र द्वन्द्वको बारेमा उपाध्याय (२०६५) ले भाषा र भेषभुषामा प्रतिस्पर्धा रहेको बताएका छन् । उनका अनुसार विशेष गरी झापामा बोलिने राजवंशी भाषा भारोपेली राजवंशी भाषाभन्दा केही भिन्न छ । मोरङ र झापाली राजवंशीमा पनि निकै भिन्नता देखिन्छ । जिउँदो भाषामा यस प्रकारका स्थानीय भेदोपभेद हुनु स्वभाविकै पनि मानिन्छ ।

राजवंशी भाषा आर्यइरानेली गोष्ठिको भाषा भएपनि यसमा स्थानीय भोटबर्मेली र छिमेकी अन्य भाषाका शव्दहरु प्रसस्त मात्रामा मिसिएका छन् अझ नेपालकै भाषा भएको हुनाले झापाली राजवंशी भाषामा प्रचुरमात्रामा राष्ट्रभाषा नेपालीका शब्दहरु भित्रिएका छन् उपाध्याय ( २०६५:५३) ।

उपाध्यायले (२०६५) राजवंशी जाातको सामाजिक सास्कृतिक संरचनाहरु र दश संस्कारहरु (गर्भाधान, पुशवन, सिमन्तोनयन, जातकर्म, नामाकरण, अन्नप्रासान चूडाकर्म, उपनयन, विवाह, र अन्त्येष्टि) हरुको अत्यन्तै शुक्ष्म तरिकाले संरचनात्मक प्रकायात्मक दृष्टिकोणबाट  व्याख्या र विश्लेषण गरेका छन् । तर ती संस्कारको प्रकृयामा आउने तनाब, वेमेल, प्रतिस्पर्धा, द्वन्द्व आदि जस्ता पक्षलाई कहि कतै ब्याख्या गरेको पाइदैन ।

राजवंशी जातको वच्चाको नाम राख्ने कुरा देखि लिएर यिनीहरुको वैवाहिक परम्परामा समेत आफ्नै संस्कृति अनुसार कार्य सम्मन्न गर्ने गरेकोमा अहिले आएर विस्तारै-विस्तारै नयाँ प्रचलित आधुनिक खालको नाम राख्ने वैवाहिक परम्परामा पनि आफ्नै मौलिक संस्कृतिलाई परिवर्तन गर्दै गरेका नयाँ पुस्ताहरु रहेका छन् (घिमिरे २०६७) ।

राजवंशी समुदायको बारेमा मानवशास्त्री श्रेष्ठ (२००९) ले राजवंशी सम'दायको उत्पतिको सर्न्दभमा तिनीहरुको ऐतिहासिक पक्ष, सामाजिक सांस्कृतिक पक्ष, (विवाह, जन्म, मृत्यु) बसोबास, वंशावली, घरको बनावट र बसोबास, पारिबारिक संरचना, लवाई, खवाई, धर्मका बारेमा व्याख्या र बिश्लेषण गरेको पाइन्छ जसले राजवंशी समुदायको अवस्था थाह पाउन सकिन्छ ।

भट्टराई (१९९६) ले आफ्नो अध्ययन अनुसन्धानमा कसरी झपाली राजवंशी उनीहरुको स्थायित्व र जिविकोपार्जनको लागि अन्य जातजातिहरु बाहुन, क्षेत्री, दनुवार, थारु, धिमाल आदिसँग वातावरणमा समायोजन हुन एक आपसमा श्रोतको प्रयोग, उत्पादन बिधि र प्रबिधि, श्रमको बिभाजन, सामाजिक सांस्कृतिक (विवाह संस्कार, मृत्यु संस्कार, लवाइखवाइ, भाषा आदि) परिवर्तन गर्दै समयानुकूल आफुलाई समायोजन गर्दै लगेको कुरालाई स्पष्टसँग व्याख्या गरेको पाईन्छ । तर श्रोतको बाँडफाँड, सांस्कृतिक विभिन्नता, उत्पादन बिधि र प्रबिधि, श्रमको

बिभाजनको प्रकृयामा आउने तनाव, द्वन्द्व, बेमेल, शोषण जस्ता द्वन्द्वात्मक पक्षलाई पूर्ण रुपमा बिश्लेषण गर्न सकेका छैनन् ।

श्रेष्ठ (१९८६) ले राजवंशी जातिको सामाजिक सांस्कृतिक पक्षलाई जोड दिएर उनीहरुको विवाह, परिवार, नातासम्बन्ध, चाँडपर्व, अर्थतन्त्र, धर्म, गाँउ, राजनिति, लवाईखवाईको ढाँचा परिवर्तनका बारेमा अध्ययन अनुसन्धान गरेको पाइन्छ ।

राजवंशी जात सँग शारीरिक संरचनाको साथै केही रुपमा सामाजिक-साँस्कृतिक मूल्य मान्यता विवाद समाधानको अनौपचारिक व्यवस्था आदि मेल खाने जात धिमाल हो । धिमाल ( २०६७) का अनुसार "धिमालको सामाजिक व्यवस्थामा गाउँमा एक जना बंशानुक्रम अनुसार माझी हुन्थ्यो, आज पनि छ । धिमाल गाउँका बिभिन्न समस्या या विवादहरु समाधान गर्न माझीको नेतृत्वमा पञ्चसँग छलफल गरी मिलाउने चलन थियो र आज पनि छ । गाउँका धिमालहरुले सामुहिक रुपमा श्रीजात र जात्री पुजा माझीको अगुवाइमा गर्ने चलन छ । कन्काई नदी पूर्व धिमालमा यात्रीको चलन छैन तर सम्पन्न बौद्धिक धिमाल देउनिया या गिरीहरुले माझीको काम गर्दछन् र गाउँमा वर्षमा एक पल्ट वैशाख महिनामा सामुहिक "पाटसेवा" - धिमाल पुजा (जसमा दाङका बाराड-बेराङ्गलाई पुजिन्छ) देउनियाको अगुवाइमा सम्पन्न गरीन्छ । धिमाल आफ्नो प्रयोगको लागि सामुहिक शिकार गर्ने, माछा मार्ने गर्दछन् । गाउँमा सबैलाई साह्रो-गाह्रो परेमा, जस्तो बाली काट्ने या भित्र्याउने या गृहनिर्माणमा धिमाल सामुहिक सहयोग गर्दछन् । यसलाई 'हाउली' भनिन्छ । हाउली लिनेले हाउलीयाहरुलाई मिठो (मासुभात) खुवाउने चलन पनि छ । जन्म, विवाह, मृत्यु आदि संस्कार माझी या देउनिया धामी र पञ्चबाट सम्पन्न गरिन्छ ।"

## २.५ निष्कर्ष

पूर्व साहित्यको विवेचनाबाट के देख्न सकिन्छ भने नेपालमा भएका अध्ययनहरु प्रायः एक जाति र अर्को जातिको, एक राष्ट्र र अर्को राष्ट्रको सम्बन्धका आधारमा द्वन्द्वलाई बुझ्ने प्रयास गरको पाइन्छ तर द्वन्द्वको कुनै सीमा हुदैन । शोषण, प्रतिस्पर्धा, तनाव, झगडा, वेमेल आदिका साथै श्रोत र साधनको असमान वितरण, व्यक्ति, समाज, राष्ट्रको असिमित इच्छा, चाहना आकांक्षाले गर्दा द्वन्द्व हुने गर्दछ त्यसैले द्वन्द्व एउटै जात, समूह, वर्ग र राष्ट्र भित्र पनि

हुने गर्दछ। राजवंशी सम्बन्धी भएका अध्ययनहरु पनि उनीहरुको चाडपर्व रितीरिवाज, खानपान आदिमा सिमित दखिन्छ। ती अध्ययनहरुले विभिन्न चाडपर्व संस्कारहरु सम्पन्न गर्दा हुने तनाव, वेमेल वा द्वन्द्वलाई प्रकास पार्न सकेका छैनन्।

# एकाई - तीन

## अनुसन्धानको विधि (Research Methods)

### ३.१ पृष्ठभूमि

यस अध्यायमा अनुसन्धान गर्दा अपनाइएका विभिन्न विधि, तरीका आदिको बारेमा चर्चा गरिएको छ । यस अध्यायले अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, नमुना छनौट, तथ्याङ्क संकलन विधि र अध्ययनको सिमालाई समेटेको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट

झापा जिल्ला नेपालको सुदुरपूर्व क्षेत्रमा अवस्थित छ। जहाँ ३ वटा नगरपालिका र ४७ वटा गा.वि.स. रहेका छन् । जसमध्ये पाँचगछी गा.वि.स. एक हो । त्यहाँ धेरै जातजातिका मानिसहरुको वसोवास रहेको पाइन्छ। तिनीहरु मध्ये राजवंशी पनि एक हो। राजवंशी जातको आफ्नै किसिमका सामाजिक सांस्कृतिक संरचना, मूल्य मान्यता, रहिआएको छ । त्यसमा अहिलेको समयमा परिवर्तन हुदै गरेको अवस्थालाई मध्यनजर गरी त्यो अवस्था लाई उजागर गर्नका साथै त्यस समाजमा भएको विवाद र विवाद समाधानको उपायहरुलाई पत्ता लगाउनको लागि पाँचगाछी गा.वि.स.लाई नै अध्ययनको क्षेत्र वनाइनुमा निम्न कारणहरु छन्र् ।

- शोधकर्ता राजवंशी जातिको द्वन्द्वात्मक पक्षको अध्ययन गर्न इच्छुक हुनु ।
- राजवंशी जातिको बारेमा अनुसन्धान कम हुनु ।
- राजवंशी जातको अन्य जातिको भन्दा छुट्टै खालको सामाजिक सांस्कृतिक संरचना, मूल्य मान्यता भएकाले ।
- राजवंशी जातिभत्र आफ्नै खालको प्रतिस्पर्धा, सघर्ष, तनाव, वेमेल आदिलाई बुझ्नका साथै त्यस्ता समस्याको निदानको तरिकालाई थाहा पाउन ।
- राजवंशी जातिभत्रको अनौपचारिक द्वन्द्व व्यवस्थापन विधिलाई प्रकाश पार्न ।

## ३.३ अनुसन्धान ढाँचा :-

कुनै पनि अनुसन्धान आफैमा महत्वपूर्ण र जटिल कार्य हो । अनुसन्धानले कुनै पनि बिषय वा समस्याका वारेमा विस्तृत जानकारी गराई निश्चित निष्कर्षमा पुग्न मद्यत गर्दछ । अध्ययन अनुसन्धानबाट अपेक्षित उद्देश्य पुरा गर्न निश्चित विधि तथा प्रकृयाको अवलम्बन गर्नुपर्दछ । एउटै पुस्ता र दुई पुस्ता बीचको द्वन्द्व सृजनाको कारणहरु, छरछिमेकी बीच द्वन्द्वका कारणहरु, घरपरिवारका सदस्य बीच द्वन्द्व रहने कारण, द्वन्द्व समाधान प्रकृया, चाडपर्व, भाषा संस्कृति, भेषभुषामा हुने द्वन्द्वलाई विवरणात्मक ढाँचा प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.४ नमूना छनौट :-

पाँचगाछी गा.वि.स. का वडा नं. ३ र ७ राजवंशी बसोवास गर्ने प्रमुख वडाहरु हुन् । यहाँ बसोबास गर्ने समग्र घरधुरीलाई अध्ययनमा समेट्न समय, श्रोत र साधनको दृष्टिले कठिनाई हुने भएकाले प्रत्येक वडाको जनसंख्या सूचिको आधारमा -यान्डम छनौट विधिको प्रयोग गरी २५ प्रतिशत घरधूरिलाई नमुनाको रुपमा छनौट गरिएको थियो । अध्ययन क्षेत्रको गा.वि.स. बाट सर्वप्रथम राजवंशी जातिको घरधुरीको नाम संकलन गर्ने कार्य गरियो । प्राप्त १४४ वटा घरमूलीको नाम साना कागजका टुक्रामा राखेर एउटा भाँडो भित्र राखी -यान्डम नमूना छनौटको प्रक्रिया अनुसार एकवटा घर गर्दै ३६ वटा घरधुरी छान्ने काम गरियो । छनौटमा परेका अध्ययन क्षेत्रका घरधूरि संख्या र छनौटमा परेका घरधूरिलाई तालिका प्रस्तुत गरिएको छ ।

**तालिका :-१**

**अध्ययन क्षेत्रका नमूना घरधूरि संख्या**

| क. स. | वडा नं. | घरधूरि संख्या | छनौटमा परेका घरधूरि संख्या |
|---|---|---|---|
| १ | ३ | ८४ | २१ |
| २ | ७ | ६० | १५ |
| | जम्मा | १४४ | ३६ |

## ३.५ तथ्याङ्कको श्रोत र प्रकृति :-

तथ्याङ्क संकलनका विभिन्न विधिहरुको प्रयोग गरी अनुसन्धानको उद्देश्य र अनुसन्धानको समस्याको व्यापक खोज गरी अनुसन्धानको उद्देश्य र अनुसन्धानको समस्याका व्यापक खोज तथा विश्लेषण गर्ने उद्देश्यले संख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिएको थियो । तथ्याङ्क संकलनको लागि प्राथमिक र द्धितीय श्रोतहरुको प्रयोग गरिएको थियो । प्राथमिक श्रोत, भन्नाले अन्तवार्ता, अवलोकन, घरधूरि सर्वेक्षण, समुह छलफलहरु हुन । द्धितीय श्रोत भन्नाले राष्ट्रिय स्तर, जिल्ला प्रशासन, स्थानिय स्तरमा पाइने सामग्रीहरुको साथै प्रकाशित भएका तथा नभएका किताव, पत्रपत्रिका आदिहरु पर्दछन् ।

## ३.६ तथ्याङ्क संकलन विधि :-

कुनै पनि बिषयको अध्ययन गर्दा तथ्याङ्क संकलनको आवश्यकता पर्दछ । अध्ययनबाट बास्तविक सूचना तथा निष्कर्ष प्राप्त गर्न सूचना संकलनका विधिले सहयोग पु-याउँदछ । कार्य क्षेत्र अध्ययन तथा प्राथमिक सूचनाका श्रोतमा अध्ययन, अनुसन्धान निर्भर हुने हुँदा निम्न विधि प्रयोग गरी सूचना संकलन गरिएको थियो ।

### ३.६.१ घरधूरि सर्वेक्षण :-

घरधूरि सर्वेक्षण नमूना छनौटमा परेका ३६ वटा घरपरिवारमा गरिएको थियो । जसअनुसार आवश्यक सूचना संकलन गर्ने क्रममा राजवंशी जातिको पारिवारिक जानकारी, उमेर, लिङ्ग, शैक्षिक अवस्था, पेशा आदिका बारेमा सूचना प्राप्त गर्न घरधूरि सर्वेक्षण फारमको प्रयोग गरिएको थियो । उक्त फारमको माध्यमबाट राजवंशी जातिको जनसाङ्ख्यिकीय सूचनाहरु प्राप्त भएका थिए ।

### ३.६.२ अन्तरवार्ता :-

अनुसन्धानलाई उदेश्यमूलक तथा यथार्थपूर्वक वनाउन अन्तरवार्ताको प्रयोग गरिएको थियो । जसमा छनौटमा परेका ३६ घरधूरिका उत्तरदातासँग प्रश्नावलिको सहयतामा अन्तरवार्ता लिइएको थियो । राजवंशी उत्तरदाताहरु शिक्षित वा अशिक्षित सबै ब्यात्तिबाट सूचना प्राप्त गर्न

सकिने भएकाले अन्तरवार्ताका विधिको प्रयोगलाई जोड दिएको थियो । अन्तरवार्ताको माध्यमबाट समुदायमा भएका विवाद र विवाद समाधानको तरिका पत्ता लगाउने क्रममा कतिपय उत्तरदाता उत्तर दिन नचाहने, घरपरिवारबीच झगडा, वेमेलको अवस्था नै नरहेको वताउने तर वास्तविकतामा द्वन्द्व, झगडा, बेमेल रहेको कुरा अनुसन्धानको क्रममा पत्ता लगाईएको थियो । तर कतिपय उत्तरदाताले भने उत्साहित हुदै वास्तविकतालाई स्पष्टसँग भनेका थिए । अन्तरवार्ताकै क्रममा सो समुदायमा केही व्याक्तिहरुले छोरा- छोरीको उमेर सोध्दा ठ्याकै उमेर भन्न नसकेर "राजा मरेको साल", "ठुलो हुन्डरी आएको साल" मा जन्मिएको जस्ता कुरा भनेर पनि उमेरको जानकारी गराएका थिए । साथै केही व्यक्तिहरुले आफ्नो उमेरको लागि नगरिकता ल्याएर देखाएका थिए । सवै कुराको अध्ययनवाट उक्त समुदायका मानिसहरु प्राय सोझा, सरल किसिमका रहेको प्रष्ट हुन्छ ।

### ३.६.३ जीवन इतिहास :-

राजबंशी जाति भित्र रहेका सामाजिक सास्कृतिक मुल्य, मान्यता, चाडपर्व, द्वन्द्व, झगडा, आपसी बेमेल, स्थानीय कचहरी, पञ्च भलाद्मी आदि जस्ता अनौपचारिक व्यवस्थापनको तरिकालाई बुझ्नको लागि ३/३ जना फरक उमेर समूहका महिला र पुरुष (२०-२५ वर्षका महिला र पुरुष, ४०-५० वर्षका महिला र पुरुष, ६० वर्षमाथिका महिला र पुरुष) को जीवन इतिहास पद्दतीको प्रयोग गरेर सूचना संकलन गरिएको थियो । सुचना संकलन गर्ने क्रममा केही व्यक्तिहरुले द्वन्द्वको अवस्थालाई उजागर गर्न नखोज्नु, कतिपय छरछिमेकी वीचको द्वन्द्वलाई निस्पक्ष नभन्नु, उनीहरुको जीवनमा भएका द्वन्द्वलाई क्रमानुसार भन्न नसक्नु जस्ता समस्याहरु देखिएतापनि राजवंशी समुदायको द्वन्द्व र द्वन्द्व समधानको प्रक्रियाको अवस्थालाई उजागर गर्न प्राय सवैले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गरेका थिए ।

## ३.७ तथ्याङ्कको प्रस्तुतीकरण :-

अध्ययन अनुसन्धानको पूर्णता संकलन गरिएका सूचनाहरुको सही विश्लेषण, व्याख्या र प्रस्तुतीकरणमा भर पर्दछ । यो शोधकार्य पुरा गर्ने क्रममा तथ्याङ्क संकलन विधि (घरधुरी सर्वेक्षण, अन्तरवार्ता, जीवन इतिहास) बाट प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गरी गुणात्मक एंवम् संख्यात्मक ढाँचाको प्रयोग गरी अन्तिम रुप दिइएको थियो ।

### ३.८ अध्ययनको सिमा :-

कुनै पनि अध्ययनको निश्चित सिमा हुन्छ । अध्ययन क्षेत्रलाई सिमाभित्र राख्न सकिएमा मात्र अध्ययन कार्य सरल र सहज हुन्छ । यस अध्ययनमा पनि नेपालमा छरिएर रहेका राजवंशीको सामाजिक द्वन्द्वको प्रतिविम्व उतार्न नसकेता पनि झपा जिल्लाको पाँचगाछी गा.वि.स. वडा नं. ३ र ७ को राजवंशी जातिको द्वन्द्वको अवस्था र द्वन्द्व समाधानको प्रकृयाको अभ्यासलाई चित्रण गरिएको छ । समय, श्रोत, साधनलाई केन्द्रविन्दुमा राखेर यो अध्ययन गरेको हूदा द्वन्द्वको सम्पूर्ण अवस्थालाई उठाउन सकिएको छैन भने द्वन्द्वको अधययन गर्दा आउने सहयोग, मेलमिलाप, सामाजिक-सास्कृतिक सन्दर्भलाई उठाउन सकिएको छैन् ।

## अध्याय - चार

# अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area)

### ४.१ अध्ययन क्षेत्र

यस अध्यायमा अध्ययन क्षेत्रका भौगोलिक अवस्था, हावापानी, जनजीवन र प्राकृतिक अवस्थाको बारेमा चर्चा गरिएको छ । अध्ययन क्षेत्रको जिल्लाको समेत सामान्य परिचय दिने प्रयास गरिएको छ । नेपाललाई भू-धरातलिय आधारमा हिमाली, पहाडी र तराई प्रदेश गरी तीन भागमा विभाजन गरिएको छ । यही भौगोलिक विभाजनका आधारमा जात जातिहरुको बसोबास, हावापानी, धरातल, उत्पादन र संस्कृतिमा समेत फरक रहेको पाइन्छ । यस अध्ययन क्षेत्रको केन्द्रविन्दु झापा जिल्लाको महेन्द्र राजमार्गबाट १० कि.मि. दक्षिण भागमा अवस्थित पाँचगाछी गाउँ विकास समितिका राजवंशी जातिको द्वन्द्व र द्वन्द्व समाधान प्रक्रियामा आधारित रहेको छ ।

### ४.२ झापा जिल्लाको परिचय :-

नेपालको सुदुर पूर्वी दक्षिणी क्षेत्रमा अवस्थित झापा जिल्ला तराइ प्रदेशको सब भन्दा अग्रणी जिल्ला मानिन्छ । यस जिल्लालाई भौगोलिक रुपमा स्पष्ट विताउनका लागि अक्षांशीय सहायता लिनु अनिवार्य हुन्छ ।

झापाको सिमाङ्कन गर्दा यसको पश्चिममा कोशी अञ्चलको मोरङ्ग जिल्ला पर्दछ जसलाई उत्तरमा करिब २० कि.मि. मात्र मावा नदिले सीमा रेखाको काम रतुवा नदीले गरेको छ । झापाको पूर्वी सिमानामा रतुवा नदी पर्दछ । यो नेपालको अन्तराष्ट्रिय सिमाना पनि हो झापाको दक्षिण सिमाना करिव ५० कि.मि. भारतिय भुमिसँग जोडिएको छ । झापाको उत्तरी सिमाना नेपालको महाभारत पर्वतीय श्रृङ्खला सम्म जोडिएको छ र ठीक उत्तरतर्फ भने इलाम जिल्ला रहेको छ । पूर्व र दक्षिण तर्फ भने भारतीय भुमि रहेको छ ।

२००७ सालको परिवर्तनपछि झापाको सदरमूकाम चन्द्रगढी अर्थात हालको भद्रपुर नगरपालिकामा सारियो । राजनैतिक तथा प्रशासनिक दृष्टिले अझ व्यवस्थित गर्न २०१८ साल

वैशाख देखि देशलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरीयो । २०१५ सालमा एउटा संसदीय निर्वाचन क्षेत्र भएको झापा २०१९ को नयाँ संविधानले झापा जिल्लाबाट दुई जना राष्ट्रिय पञ्चायतमा प्रतिनिधी हुने व्यवसथ अनुरुप २०३८ सालको वालिग मताधिकारको आधारमा भएको पहिलो निर्वाचनमा पनि दुई सदस्य रहने निश्चित भयो । २०४६ सालको परिवर्तन पश्चात झापामा ६ निर्वाचन क्षेत्र कायम गरीयो । २०५८ सालको जनगणनाका आधारमा झापामा भएका ६ निर्वाचन क्षेत्रबाट पुनः ५ निर्वाचन क्षेत्र कायम गरीयो, तर २०६२/६३ सालको लोकतान्त्रिक आन्दोलन पछि भौगोलिक रुपमा कायम भएको २४० क्षेत्र मध्ये झापामा ७ निर्वाचन क्षेत्र कायम भए । यसरी झापा जिल्लालाई ७ निर्वाचन क्षेत्र, १७ इलाका, ३ नगरपालिका, ४७ गाउँ विकास समितिमा विभाजन गरीयो ।

यस जिल्लाको मूख्य उत्पादन धान, गहुँ, मकै, आदि हो त्यसैले यो जिल्लालाई अन्न भण्डार पनि भन्ने गरिन्छ । झापा जिल्लाको सामुदायिक वनमा पाइने वनस्पति, वन्यजन्तु तथा जडिवुटीका प्रजातिहरुमा अमला, वर्रो, गुर्जो, वर्मेलि धैनिया, हर्रो, तितेपाती, पानी अमला, वन प्याज, पिपला आदि (गौतम - २०१०: ८९३) रहको छन् । त्यस्तै गरी झापा जिल्लामा पाइने प्रमूख जङ्गली जनावरहरु चित्तल, बँदेल, बाँदर, दुम्सि, खिरखिरे, स्याल, ढेडुँ, वनढाडे, पाटेवाघ, जरायो, चितुवा, मलसाँप्रो आदि (गौतम - २०१०: ८९४) रहको छन् ।

## ४.३ पाँचगाछी गाउँ विकास समितिको परिचय

यो गा.वि.स. २१.४२ वर्ग किलोमिटरमा अवस्थित छ । यसका सिमानामा क्रमशः पूर्वमा टाँगनडुवा, शरणामति, पश्चिममा धरमपुर र तोपगाछी, उत्तरमा, शिवगञ्ज र धरमपुर र दक्षिणमा महाभारा रहेका छन् । यो गा.वि.स. संविधान सभा निर्वाचन क्षेत्र नं. ५ मा रहेको छ । जनसंख्या १४,१०६ रहेको छ भने परिवार संख्या २,३४९ रहेको छ । यस गा.वि.स अन्तगर्त उपस्वास्थ्य चौकी, हुलाक गरी २ वटा सरकारी कार्यालयहरु रहेका छन् भने ६ सामूदायिक विद्यालयहरु र ३ संस्थागत विद्यालय रहेका छन् । प्रमूख बजारको रुपमा पाँचगाछी, रंगियाथान, जनतालाई मान्न सकिन्छ ।

### ४.४ पाँचगाछी गाउँ विकास समितिमा जातिगत अवस्था :-

यस गाउँ विकास समितिमा विभिन्न जातजातिहरुको बसोवास रहेका पाइएको छ । यहाँका जातजातिहरुमा बाहुन, क्षेत्री, नेवार राई, लिम्बु, सतार, राजवंशी, ताजपूरिया आदि रहका छन् । जसलाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका नं.-२**

**जातिगत आधारमा पाँचगाछी गाउँ विकास समितिको जनसंख्या**

| क.स. | जातिगत विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वाहुन | ३०५५ | २७.५१ |
| २ | क्षेत्री | ३६१६ | २३.५४ |
| ३ | राजवंशी | २००७ | १८.१० |
| ४ | ताजपुरिया | ६९८ | ६.२८ |
| ५ | सतार | ६६५ | ६.०० |
| ६ | नेवार | ४८२ | ४.३३ |
| ७ | मुस्लिम | ३९० | ३.५१ |
| ८ | अन्य | ११९३ | १०.७३ |
|  | जम्मा | १११०६ | १०० |

श्रोतः गा. वि. स. को अभिलेख २०६५ ।

तालिका नं.-२ का अनुसार यस गाउँ विकास समितिमा वाहुन सबैभन्दा वढी रहेको छ भने दोस्रोमा क्षेत्री, तस्रोमा राजवंशी रहेको छ । त्यस्तैगरी ताजपुरिया, सतार, नेवार, मुस्लिम कमशः चौथो, पाँचौ, छैटौ र सातौ रहेका छन् ।

### ४.५ अध्ययन गरिएको जनसंख्याको विश्लेषण

कुनै पनि समाजको संरचना त्यहाँको जनसंख्या र जनसंख्याको संरचनात्मक स्वरुपहरु उमेर, लिङ्ग, पेशा, परिवार आदिमा भर पर्दछ । त्यही जनसंख्याको संरचनात्मक स्वरुप अनुसार त्यहाँको आर्थिक, राजनैतिक, सामाजिक र साँस्कृतिक पक्षहरु प्रभावित हुन्छन् । छनौट परेका ३६ घरपरिवारको जनसंख्या जसमा उमेर समूहको आधारमा महिला र पुरुषको संख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.-३**

**अध्ययन क्षेत्रको जनसंख्या**

| क्र.स. | उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०-५ | ८ | ४.५७ | ३ | १.७१ | ११ | ६.२८ |
| २ | ६-१४ | ३० | १७.१४ | १४ | ८.०० | ४४ | २५.१४ |
| ३ | १५-५९ | ४९ | २८.०० | ६१ | ३४.८६ | ११० | ६२.८६ |
| ४ | ६०+ | ६ | ३.४३ | ४ | २.२९ | १० | ५.७२ |
| | जम्मा | ९३ | ५३.१४ | ८२ | ४६.८६ | १७५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-३ का अनुसार जम्मा घर परिवारबाट छनौटमा परेका ३६ घर परिवारमा ०-५ वर्ष सम्मका वालवालिकाहरुमा पुरुष वालक तर्फ ४.५७ प्रतिशत महिला वालिका तर्फ १.७१ प्रतिशत गरी ६.२८ प्रतिशत वालवालिकाहरु रहेका छन् । त्यसैगरी  ६-१४ वर्ष उमेर समूहका वालवालिकाहरु जो विद्यालय जाने कार्यमा व्यस्त रहेको देखियो त्यसमा पुरुष तर्फ १७.१४ प्रतिशत र महिला तर्फ ८.०० प्रतिशत गरी जम्मा २५.२८ प्रतिशत रहेको पाइयो । १५-५९ को वर्ष उमेर समूहको जनसंख्यामा भने पुरुष भन्दा बढी महिला रहेको पाइयो जसमा पुरुषतर्फ २८.०० प्रतिशत रहेका छन् भने महिला तर्फ ३४.८६ प्रतिशत रहेका छन् । ६१+ वर्ष का राजवंशीहरु भने ५.७२ प्रतिशत रहेको पाइयो जसमा ३.४३ प्रतिशत पुरुष रहेका छन् भने

२.२९ प्रतिशत महिला रहेका छन् । छनौटमा परेका ३६ घरपरिवारमा कूल जनसंख्यामा ५३.१४ प्रतिशत पूरुष र ४६.८६ प्रतिशत महिला रहेका छन् ।

### ४.६ अध्ययन गरिएको जनसंख्याको शैक्षिक अवस्था :-

शिक्षा ज्ञानको ज्योति हो जसले मानिसलाई अध्यारोबाट उज्यालो तर्फ अग्रसर गराउँछ । मानिसको जीवनमा शिक्षाको महत्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षित नागरीकहरुले देशलाई सम्पन्न र समृद्धशाली बनाउन सक्दछन् शिक्षाको आवश्यकता गाउँ, समाज, राष्ट्र र विश्वको विकासको लागि अपरिहार्य हुन्छ । आजका प्रतिस्पर्धी युगमा शिक्षाले मानिसको जीवन सार्थक र सक्षम बनाउन सहयोग गर्दछ । तर पनि असक्षम राजनितिक प्रणाली भ्रष्ट शासन पद्धति, व्यक्तिगत स्वार्थले गर्दा राज्य प्रणालीले शिक्षालाई महत्व दिन नसकेको अवस्था एकातिर भएपनि सामूदायिक ज्ञान, जनचेतनाको वृद्धिको कारण समुदायमा पहिलाको तुलनामा साक्षरता प्रतिशत बढ्दै गरेको देख्न सकिन्छ । अध्ययन क्षेत्रका राजवंशी समुदायको शैक्षिक अवस्थालाई निम्नानूसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं.-४**

**अध्ययन क्षेत्रको साक्षरता स्थिति**

| क्र.स. | विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ७५ | ८५ | ५६ | ७०.८८ | १३१ | ७९.८७ |
| २ | निरक्षर | १० | १५ | २३ | २९.१२ | ३३ | २०.१३ |
| | जम्मा | ८५ | १०० | ७९ | १०० | १६४ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-४ का अनुसार पुरुषहरुको साक्षरता ८५% र महिलाहरुको साक्षरता ७०.८% देखिन्छ । महिलाको तुलनामा पुरुषहरु बढी साक्षरता देखिन्छ । जसको कारण पुरुषहरु व्यापार, रोजगार, कामको खोजीको शिलशिलामा बाहिर जाने जसको लागि शिक्षा आवश्यक भएको हुँदा विस्तारै शिक्षित बन्दै गएको हुन सक्छ । राजवंशी जातिको शैक्षिक स्थितीलाई

विश्लेषण गर्दा साक्षर प्रतिशत ७९.८७% र निरक्षर प्रतिशत २०.१३% रहेको देखिन्छ । यस समुदायका युवा युवतीहरुमा शैक्षिक स्थिति बढ्दै गएको देखिन्छ । यस समुदायका वरिपरि ब्राम्हण, क्षेत्री आदि रहेको यसको शिक्षाको स्तर उच्च रहेको, नीजि र सरकारी विद्यालय नजिकै भएको, अभिभावकले शिक्षाको महत्व बुझ्दै जानुका साथै अनिवार्य प्राथमिक शिक्षा, सिमान्तिकृत विद्यार्थीको लागि छात्रवृति, रोजगारीको लागि साक्षरतको आवश्यकता आदिले गर्दा शैक्षिक स्थिति बढ्दै गएको हुन सक्छ ।

**४.७ आर्थिक अवस्था :-**

कुनै पनि व्यक्ति एवं समुदायको सामाजिक प्रतिष्ठालाई बचाई राख्न अर्थव्यवस्थाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । व्यक्ति वा समुदायको प्रतिष्ठालाई मापन गर्ने साधनको रुपमा आर्थिक अवस्थालाई लिइन्छ । आर्थिक रुपले सवल व्यक्ति, समुदाय, राष्ट्र विकासका हरेक क्षेत्रमा अगाडि बढिरहेका हुन्छन् भने आर्थिक रुपमा कमजोर अवस्था भएका व्यक्ति, समुदाय, राष्ट्र पछाडि पर्दै जान्छन् ।

व्यक्ति वा समुदायको जीवन पद्धतिमा परिवर्तन ल्याउने वा नल्याउने जस्ता कुराहरु आर्थिक अवस्थामा नै निर्भर हुने गर्दछन् । आर्थिक अवस्थामा को कमजोर छ र को बलियो छ भन्नका लागि जो कसैले अपनाएको पेशा र त्यसको स्तरबाट पत्ता लगाउन सकिन्छ । राजवंशी जातिको आर्थिक अवस्थालाई पेशागत रुपमा तल तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

### तालिका नं.-५

### राजवंशी जातिको पेशागत अवस्था

| क्र.स. | विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि | १९ | २०.२१ | २९ | ३०.८५ | ४८ | ५१.०६ |
| २ | ज्यालादारी | ११ | ११.७० | १० | १०.६४ | २१ | २२.३४ |
| ३ | ज्यालादारी र कृषि | ४ | ४.२५ | ५ | ५.३२ | ९ | ९.५७ |
| ४ | वैदेशिक रोजगार | ९ | ९.५७ | २ | २.१३ | ११ | ११.७० |
| ५ | सरकारी जागिर | १ | १.०६ | १ | १.०६ | २ | २.१३ |
| ६ | व्यापार | १ | १.०६ | १ | १.०६ | २ | २.१३ |
| ७ | पूजारी | १ | १.०६ | - | - | १ | १.०६ |
| | जम्मा | ४६ | ४८.९४ | ४८ | ५१.०६ | ९४ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

∴ विद्यार्थीलाई पेशागत अवस्थामा समावेश गरिएको छैन ।

तालिका नं.-५ का अनुसार राजवंशी समुदायको पेशागत विवरण हेर्दा सबैभन्दा बढी कृषिमा निर्भर रहेको पाइयो । जसमा पुरुष २०.२१ प्रतिशत र महिला ३०.८५ प्रतिशत रहेका छन् । ज्यालादारी मजदूरीलाई पेशागत रुपमा अपनाउने पुरुष ११.७० प्रतिशत रहेको पाइयो भने महिला १०.६४ प्रतिशत रहेको पाइयो । वैदेशिक रोजगारमा गएर आर्थिक अवस्था सुदृढ बनाउने पुरुष ९.५७ प्रतिशत रहेका छन् भने महिला २.१३ प्रतिशत रहेका छन् । ज्यालादारी र कृषि दुबै पेशालाई अपनाउनेहरु पुरुष र महिला क्रमशः४.२५ र ५.३२ प्रतिशत रहेका छन् । त्यस्तै सरकारी जागिर, व्यापारमा महिला र पुरुष १.०६, १.०६ प्रतिशत रहेको पाइएतापनि पूजारी भने पुरुष मात्रै रहेको जसको प्रतिशत १.०६ रहेको छ ।

राजवंशी समुदायको आर्थिक अवस्था २०२१ भन्दा अगाडि सवल र सुदृढ भएतापनि भूमि सुधार ऐन लागू भएपछि भने कमजोर हुदै आएर अब बिस्तारै शिक्षाको अवस्था प्रबल बन्दै

गएको, जनचेतना अभिवृद्धि हुदै गएको, आफुसँग भएको श्रोत र साधनको सही पहिचान र परिचालन गर्दै आएको कारणले कृषि पेशालाई अङ्गालेको देखिन्छ । सानो समुदायको ३६ घरपरिवारको प्राय सबै कार्यमा समान सहभागिता, व्यापारिक कार्य, पूजारीको कार्य समेत गर्दै आएको अवस्थालाई सकरात्मक मान्न सकिन्छ । भने अझै पनि परम्परागत तरिकामा खेती गर्नु, ज्याला नगरी जिविकोपार्जन हुन नसक्नु जस्ता नकरात्मक अवस्थाले गर्दा उनीहरुको आर्थिक अवस्था केही न्यून नै छ ।

**४.८ जमिन :-**

व्यक्ति, समुदाय, राष्ट्रको एउटा महत्व पूर्ण श्रोत र साधनको रुपमा जमिनलाई लिन सकिन्छ । जसको सही पहिचान, सदूपयोग, परिचालन गरी व्यक्ति, समाज, राष्ट्र विकसित र शक्तिशाली बनाउन सकिन्छ । मानिसहरु बसोबास गर्नका साथै उत्पादनको लागि जमिनको महत्वपूर्ण भूमिका रहेको हुन्छ झन् कृषि प्रधान राष्ट्रको लागि त यसको अत्याधिक महत्व हुने गरेको छ । छनौटमा परेका राजवंशी जातिको जग्गा जमिनको अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.-६**

**जग्गा जमिन भएका र नभएका राजवंशीहरु (घरधुरीको आधारमा)**

| क्र.सं. | विवरण | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १ | जमिन भएका | २० | ५५.५६ |
| २ | जमिन नभएका | १६ | ४४.४४ |
| | जम्मा | ३६ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-६ का अनुसार जग्गा ३६ घरपरिवार मध्ये २० घरपरिवारको आफ्नै जग्गा जमिन रहेको छ भने १६ घरपरिवार को जग्गा जमिनको अवस्था देख्न सकिदैन । उनीहरुको अर्काको जमिनमा घर बनाई बसेका छन् ।

३६ घरपरिवार मध्ये १६ घरपरिवारको जग्गा जमिन नहुनुलाई उनीहरुको प्राकृतिक श्रोत र साधनमा पहुँच केही कम जस्तो देखिन गएको छ । उनीहरु अर्काको जग्गामा घर बनाएर बसेका छन् साथै वैदेशिक रोजगार, ज्याला, अधियामा अर्काको जग्गा कमाउने गर्दछन् भने २० घरपरिवारको आफ्नै जग्गा भएपनि केही घरपरिवार देखि बाहेकको ज्यादै थोरै जग्गा रहेको छ । जसको कारणमा उनीहरुले परम्परागत तरिकावाट खेति गर्नु, वचत गर्ने ज्ञान नहुनु, वचेको रकमलाई जाँड, रक्सी, खाएर सिध्याउनु, मोजमस्ति गर्नु आदि हो । जग्गा जमिनमा पहुँच भएकाहरुले पनि जग्गा बेचेर भूमिविहिन हुदै गरेको अवस्था देख्न सकिन्छ ।

### ४.९ उत्पादनको अवस्था :-

कुनै पनि समुदायको वास्तविक अवस्थालाई पहिचान गर्न उत्पादनको अवस्थाले निर्धारण गरेको हुन्छ । उत्पादनको अवस्था सवल छ भने त्यो समुदायलाई आफ्नै उत्पादले खान पूगेर अर्काको साहारा लिनुनपर्ने हुन्छ । अध्ययन क्षेत्रमा गरिएको अध्ययनले राजवंशी जातिभत्र आफ्नै उत्पादनले खानपूग्ने समयलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.-७**

**अध्ययन क्षेत्रका राजवंशीहरुलाई आफ्नै उत्पादनले खान पुग्ने समय**

| क्र.स. | विवरण | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १ | वर्ष भरी आफ्नो उत्पादनले खान नपुग्ने | ६ | १६.६६ |
| २ | ३ महिना भन्दा कम | ३ | ८.३३ |
| ३ | ३-६ महिना सम्म | ६ | १६.६६ |
| ४ | ६-९ महिना सम्म | ६ | १६.६६ |
| ५ | ९-१२ महिना सम्म | ९ | २५.०० |
| ६ | १२ महिना भन्दा बढी | | |
| | जम्मा | ३६ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-७ का अनुसार वर्ष भरी आफ्नो उत्पादनले खान नपुग्ने राजवंशीहरु ६ घरपरिवार रहेका छन् आफ्नो उत्पादनले ३ महिना भन्दा कम खान पुग्ने राजवंशीहरु ३ घरपरिवार रहेका छन् । ६ महिना भन्दा कम खान पुग्ने ६ घरपरिवार रहेको छ । त्यस्तै गरी आफ्नै उत्पादनले ९ महिना भन्दा कम खान पुग्ने घरपरिवार ६ रहेको छ भने १२ महिना भन्दा कम खान पुग्ने ९ घरपरिवार रहेको छ । आफ्नै उत्पादन वर्षदिन भरी खान पुग्ने र केही उत्पादित सामाग्री बेच्ने घरपरिवार भने ३६ घरपरिवारमा जम्मा ६ घरपरिवार मात्र देखिएको छ । राजवंशी समुदायमा आफ्नो उत्पादनले खान पुग्ने घरपरिवार कम हुनुमा उनीहरुको श्रोत र साधनमा पहुँच कम हुनु, परम्परागत कृषि पशुपालन गर्नु, जग्गाजमिनको महत्वलाई नबुझेर भएको जग्गा बेचेर मोजमस्ति गर्नु आदि हुन् ।

**४.१० अरुको जग्गा अधिया वा ठेक्कामा कमाउने वा नकमाउन राजवंशी घरपरिवार :-**

समुदायमा विभिन्न जातिजनजातिहरुको बसोबास रेहो हुन्छ । सबै जातिहरुमा समान रुपले प्राकृतिक श्रोत र साधनको बिभाजन भएको हुदैन, विभिन्न कारणहरुले कसैले प्राकृतिक श्रोत र साधनमा पकड जमाएका हुन्छन् त कसैले पकड जमाएकाहरुको श्रोत र साधनलाई निश्चित तिरो तिरेर त्यसको उपयोग गरिरहेका हुन्छन् । त्यस्तै अध्ययन क्षेत्रका राजवंशी जातिहरु केहीसँग आफ्नै श्रोत र साधन रहेको छ र त्यसैको प्रयोग र परिचालन गर्दै आएका छन् भने केहीले बाहुन, क्षेत्री, नेवार र केहीले हुने खाने राजवंशीहरुकै श्रोत र साधनलाई निश्चित तिरो तिरेर प्रयोग र परिचालन गर्दै आएका छन् जसलाई घरपरिवारका आधारमा तल तालिकामा देखाईको छ ।

## तालिका नं.-८

## अरुको जग्गा अधिया वा ठेक्कामा कमाउने वा नकमाउने राजवंशी घरपरिवार

| क्र.स. | विवरण | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| **१** | **जग्गा कमाउनेहरु** | २१ | ५८.३३ |
| **२** | **जग्गा नकमाउनेहरु** | १५ | ४१.६६ |
| | **जम्मा** | ३६ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-८ का अनुसार अरुको जग्गा कमाउने राजवंशीहरु ५८.३३ प्रतिशत रहेका छन् भने अरुको जग्गा नकमाउने राजवंशीहरु ४१.६६ प्रतिशत रहेका छन् ।

अरुको जग्गा नकमाउनेहरु भन्दा अरुको जग्गा कमाउनेको संख्या बढी भएता पनि राजवंशीहरु बिस्तारै कृषि पेशामा सिमित मात्रै नभएर वैदेशिक रोजगार, सरकारी जागिर, व्यापार तथा अन्य पेशा व्यवसायतर्फ संलग्न हुदै गरेको कुरा अध्ययनबाट विश्लेषण गर्न सकिन्छ । जसवाट के अनुमान गर्न सकिन्छ भने विस्तारै उनीहरु श्रोत र साधनमा पहुँच जमाउन सक्षम हुनेछन् ।

## अध्याय - पाँच

## राजवंशी जाति भित्रको द्वन्द्व र द्वन्द्व समाधान प्रक्रिया

## (Conflict and Conflict Resolution among the Rajbanshi)

### ५.१ पृष्ठभूमि

यस अध्यायमा पाँचगाछी गाउँ विकास समिति वडा नं. ३ र ७ का राजवंशी जातिहरु बीच हुने द्वन्द्वको अवस्था र त्यसको समाधान प्रक्रिया सम्बन्धी अवस्थालाई चर्चा गरिएको छ । राजवंशी जातिहरु बीच एकआपसमा भएका र हुने गरेका विभिन्न किसिमका द्वन्द्वहरु जस्तै एउटै पुस्ता बीच भएका द्वन्द्वहरु घरपरिवारमा हुने गरेका द्वन्द्वहरु, छिमेकी-छिमेकी बीच हुने गरेका द्वन्द्वहरु साथै ती द्वन्द्वको समाधानको औपचारिक र अनौपचारिक प्रक्रियाको बारेमा अध्ययन, अनुसन्धान गरी विश्लेषण गरिएको छ ।

### ५.२ एउटै पुस्ता बिचहुने द्वन्द्व र त्यसको कारणहरु

राजवंशी समुदायमा आर्थिक कारोवार, लेनदेन सम्बन्धी एक-आपसमा वेमेल, तनाव रहेको छ , उनीहरु बीच ऋण लिने दिने सम्बन्धमा, ब्याजको सम्बन्धमा, एक-आपसमा लगेका हर-हिसावहरु कुनै न कुनै सदस्यले नदिने, ब्याज नदिने वा धेरै लिन खोज्ने जस्ता समस्याहरु रहेको बताएका छन् । त्यस्तै उनीहरुको संस्कृति अनुसार विहान १२ बजे र बेलुका खाना खाने खानामा पनि आफ्नै संस्कृति अनुसारको खाना खाने गरेको भएता पनि अहिले आएर प्रायगरी सबै वालवालिका स्कूल जाने, स्वास्थ्य सम्बन्धी जनचेतनाको बढ्दै जानु, त्यहाँका अन्य बाहुन, क्षेत्री जस्तो जातको प्रभाव पर्दै जानु उनीहरुकै आफ्नै संस्कार अनुसारको खाना खाने समय अनुकूल नहुनुले गर्दा राजवंशी समुदायबीच खानपिनमा पनि विभेद रहेको छ । राजवंशी समुदायमा उनीहरुको जग्गा खोलामा भएकाले उक्त जग्गा कति आफ्नो कति अर्काको छुट्याउन गाह्रो भएको र अनुमानका भरमा त्यसलाई उपभोग गर्दै आएकाले गर्दा साथै अर्काको (बाहुन, क्षेत्री, राजवंशी) जग्गा जमिन उपभोग गर्ने सम्बन्धमा एक-आपसमा विवाद रहेको छ । एउटै पुस्ताबीच पहुँचमा भएको नेतृत्व लिने राजवंशीले अरु सोझा साझा राजवंशीको जग्गा जमिन आफ्नो नाममा बनाएको साथै थोरै पैसामा फकाएर जग्गाजमिनको उपभोग गरेका कारणले पनि त्यहाँ एक अर्का बीचमा तनाव र द्वन्द्वको अवस्था रहेको छ । (हेर्नुहोस् वक्स नं. - १)

मेरी श्रीमतीको वुवाको जग्गा पट्वारी र जमिन्दारी (राजवंशी जातको उच्च ओहदाको व्यक्ति जसले राजवंशी जातको मुद्दामामिला, झगडा मिलाउने जग्गा जमिन पास गर्ने नामसारी गर्न सक्थे ।) मिलेर खाएका छन् । वुवालाई धानको आवश्यक परेछ त्यस पछि जमिनदार कहाँ गएर धान माग्नु भएछ । जमिनदारले ४ मन धान दिएछ र सही छाप गर्न लगाएछ । वुवालाई पढ्न आउँदेनथ्यो त्यतिकै सही, छाप गर्नु भएछ तर जमिनदारी र पट्वारीले उक्त कागजमा वुवाको जग्गा उनीहरुको नाममा पास गरिसकेका रहेछन् । त्यतिखेर गाउँका सबैभन्दा ठूला उनीहरु नै थिए । अड्डा अदालतमा उनीहरु नै सर्वेसर्वा थिए । के गर्नु र वुवाहरुले केही गर्न सक्नु हुने थिएन त्यसै गरी जमिनदारी र पट्वारी मिलेर अरुपनि थुप्रैको जग्गा जमिन खाएका छन् ।”

बुधन राजवंशी

पाँचगाछी - ३

एउटै पुस्ता बीच कुन पेशा अङ्गाल्ने भन्ने विषयमा पनि वेमेल रहेको पाइएको छ । जसमध्ये, कसैले विदेश गएर पैसा कमाउने पेशा उपयुक्त भएको बताएका थिए । कसैले गाउँमै सब्जी, खेती गरेर उत्पादन बढाएर पैसा कमाउने र त्यसैलाई पेशा बनाउनु पर्ने बताएका थिए । साथै कसै-कसैले भने शिक्षा आर्जन गरेर आफ्नै देशमा सरकारी वा गैर-सरकारी क्षेत्रमा काम गर्नु नै उपयुक्त पेशाका रुपमा बताएका थिए । उनीहरु बीचमा विभिन्न राजनैतिक आस्था, फरक-फरक राजनीतिक दलप्रतिको विश्वास, फरक-फरक संस्थामा आवद्ध भएकाले गर्दा राजनैतिक मतभेद, द्वन्द्व, वेमेल रहेको पाइयो । त्यस्तै परसंस्कृति ग्रहण, आधुनिकीकरण, शहरीकरण, औद्योगिकीकरण, यातायातको सहजता, शैक्षिक चेतना आदिका कारण सामाजिक-साँस्कृतिक संस्कारहरु, मुल्य मान्यताहरु मान्नेकी नमान्ने भन्ने पक्षमा मतभेद, द्वन्द्व, प्रतिस्पर्धा रहेको पाइयो । जसलाई तलको तालिकामा प्रष्ट देखाउन सकिन्छ ।

### तालिका नं.-९

### एउटै पुस्ता बिच द्वन्द्व सृजना हुने कारणहरु

| क्र.स. | विवरण | घरपरिवार (उत्तर आवृतिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | लेनदेनको सम्बन्धमा | ३३ | ३८.९० |
| २ | खानपानको सम्बन्धमा | २० | २३.६० |
| ३ | जग्गाको सम्बन्धमा | ११ | १३.०० |
| ४ | पेशाको सम्बन्धमा | ६ | ७.०० |
| ५ | राजनैतिक सम्बन्धमा | ६ | ७.०० |
| ६ | सामाजिक-साँस्कृति सम्बन्धमा | ५ | ५.८० |
| ७ | अन्य | ४ | ४.७० |
| | जम्मा | ८५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-९ अनुसार जम्मा ३८.९० प्रतिशत घरधुरीका उत्तरदाताले लेनदेनको सम्बन्धमा झगडा, द्वन्द्व, वेमेल रहेको बताएका छन् त्यस्तै खानपिनको सम्बन्धमा २३.६० प्रतिशत घरधुरी परिवारले द्वन्द्व, वेमेल रहेको बताएका छन् भने जग्गाको सम्बन्धमा, पेशाको सम्बन्धमा, राजनैतिक सम्बन्धमा, सामाजिक-साँस्कृतिक सम्बन्धमा र अन्यमा क्रमशः १३.००, ७.००, ७.००, ५.८०, ४.७० प्रतिशत घरधुरीका उत्तरदाताले द्वन्द्वको अवस्था रहेको बताएका छन् ।

## ५.३ दुई पुस्ता बीचको द्वन्द्व र त्यसको कारण :-

राजवंशी समुदाय भित्र दुई पुस्ता बीच शोषण प्रतिस्पर्धा, संघर्ष, तनाव हुने गरेको पाइएको छ । दुई पुस्ता बीचमा हुने गरेको बिचार अभिव्यक्ति, समाजको विकासक्रमलाई हेर्ने तरिका आदि पनि फरक-फरक रहेको छ जसले गर्दा हिजोका मानिहरुले समाज विकासको प्रक्रियालाई जसरी बुझेका छन् आजका मानिसहरुले त्यो भन्दा भिन्न तवरबाट बुझ्ने गरेका

छन् । त्यस्तै भोलिका मानिसहरुले आजका मानिसहरु भन्दा भिन्न तरिकाले बुझ्न सक्छन् त्यै फरक बुझाइको कारण द्वन्द्व सृजना हुन्छ । राजवंशी समुदायमा सामाजिक-साँस्कृतिक पक्ष, राजनैतिक पक्ष, आर्थिक पक्ष, शैक्षिक पक्ष  लिएर दुई पुस्ता बीच विवाद रहेको पाइएको छ ।

राजवंशी समुदायमा दुई पुस्ता बीच सामाजिक-साँस्कृतिक चाडपर्व, संस्कार, मूल्य, मान्यताहरु जस्तै उनीहरुले मनाउदै आएको चाडपर्व दिपावली, सिरुवा, शिवरात्री आदि सँगै अरुले मनाउदै आएको चापर्वहरु छठ, दशैं, तिहार (भाइटिका, देउसी, भैली) आदिलाई मान्नेकी नमान्ने भन्ने पक्षमा मतभेद रहेको छ । त्यस्तै मृत्यु संस्कार जन्म संस्कार, विवाह, नाम राख्ने जस्ता पक्षहरुमा दुई पुस्ता बीच विभेदको अवस्था देख्न सकिन्छ । फरक-फरक राजनैतिक संघ-संस्था, संगठनप्रति आस्था र विश्वास राख्ने राजवंशी समुदायमा दुई पुस्ता बीच आपसी वेमेल, संघर्ष रहेको छ । एउटा पुस्ता पूरानै विचार, संघ, संगठनप्रति आस्थावान छ भने अर्को पुस्ता नयाँ बिचार परिमार्जन, परिवर्तन, नयाँ विकल्प प्रति रुचि लिएर अगाडि बढ्दै गरेको पाइन्छ । उनीहरु दुई पुस्ताबीच जग्गाजमिन, सम्पत्तिको वाँडफाँड सम्बन्धी तनाव, बेमेल, द्वन्द्व रहेको देख्न सकिन्छ (हेर्नुहोस् वक्स-२) ।

राजवंशी मात्रै हुँदा यहाँ सबै ठिकै थियो । तर बिस्तारै बाहुन क्षेत्रीहरु पनि पहाड देखि राडी, पाखी बेच्ने, घुमफिर गर्न आउन थाले । झापामा अन्न बाली, धान, चामल, फापर, मकै आदि धेरै हुन्थ्यो । उनीहरु झापा आएर बसोबास गर्नलाई हामीलाई पैसा दिने भन्ने कुरा गर्न थाले । राजवंशी, ताजपूरिया, सोझा र अशिक्षित थिए । बाहुन टाठाबाठा र केही पढेका जानेका थिए । पैसा लिएर हामीले जग्गा जमिन दिदै मोज, गर्न थाल्यौ । त्यसपछि भूमिसुधार ऐन आयो । औलो उन्मूलन पनि हुदै गयो । त्यहाँबाट बाहुन क्षेत्री बाक्लै बस्दै गए । जग्गा जमिनमा पनि पहुँच पु-याउँदै जान थाले । हामी भने जग्गा बेच्दै मोज गर्न थाल्यौ । त्यसपछि जग्गा जमिन थोरै हुदै गयो । आफ्नो-आफ्नो जग्गामा आफु-आफुले अधिकार जमाउन थाले । बावुले सम्पत्तिमा बेचिदिएकाले छोरा-छोरी रिसाउँदै जान थाले । बावु-छोरा बीच सम्पत्तिमा झगडा हुन थाल्यो । आफन्त-आफन्तमा जग्गा जमिनको कारणमा नबोल्ने स्थिति आयो । कम पढेलेखेकाले गर्दा होला प्रशासन तिर, पढाउने पेशा तिर पनि उनीहरु कमजोर थिए । सवै कुरामा पछि पर्दै आएकाले होला अहिले सानो-सानो कुरामा पनि आफैं-आफैं झगडा गर्छन् ।

देव राजवंशी

उत्पादनको तरिका कस्तो अवलम्वन गर्ने, कस्तो किसिमको पेशाको छनौट गर्ने जस्ता पक्षमा दुई पुस्ता बिच विवाद रहेको छ । पूराना पुस्ताको केही सदस्यहरु बाहेक प्राय सबै परम्परागत कृषि प्रणाली, ज्याला मजदूरी जस्ता कार्यलाई नै पेशाको निरन्तरता बनाएका छन् भने अहिलेका नयाँ पुस्ता शिपमूलक तालिम लिने, नयाँ तरिकाबाट खेती गर्न लालयित रहेको भेटिन्छ साथै रोजगारीको लागि भारत मात्रै नभएर केही युरोपियन मूलुक र केही खाडी मुलुक जाने गरेको पाईएको छ । सामाजिक तथा सांस्कृतिक जीवनमा आएको परिवर्तनसँगै राजवंशी समुदाय भित्र पनि परिवर्तनलाई बुझ्ने र आत्मसाथ गर्ने कुरामा एक पुस्ता र अर्को पुस्ता बीच भिन्नता देखिन्छ । पुरानो पुस्ता परम्परागत पेशालाई जोड दिन्छ भने नयाँ पुस्ता त्यसबाट वाहिर निस्कन खोज्दछ । त्यस्तै दुई पुस्ता बीच शैक्षिक पक्षलाई लिएर मतभेद देखिन्छ । पूराना पुस्ताहरु आफु अशिक्षित भएपनि अर्का पुस्तालाई शिक्षित तुल्याउन स्कूल र केहीले बोडिङ्गमा पढाउने गरेका छन् । नयाँ पुस्ताहरु बोडिङ्गका साथै शहरी क्षेत्रमा गएर पढ्ने Computer र Laptop जस्तो श्रोतमा पहुँच पुग्नुपर्ने र आगामी पुस्तालाई त्यो पहुँच पु-याउने तर्फ सजग, सचेत हुदै गरेको देख्न सकिन्छ । राजवंशी समुदायमा दुई पुस्ता बीच द्वन्द्व हुने कारणलाई तलको तालिका बाट प्रष्ट देखाइएको छ ।

**तालिका नं.-१०**

**दुई-पुस्ता बिचको द्वन्द्व सृजना हुने कारणहरु**

| क्र.स. | विवरण | घरपरिवार (उत्तर आवृतिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक पक्ष | २६ | ४१.३० |
| २ | सामाजिक-साँस्कृतिक पक्ष | १५ | २३.८० |
| ३ | शैक्षिक पक्ष | १४ | २२.२० |
| ४ | राजनीतिक पक्ष | ७ | ११.१० |
| ५ | अन्य | १ | १.६० |
|  | जम्मा | ६३ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-१० का अनुसार दुई पुस्ता बीचको द्वन्द्वको कारणमा सबैभन्दा बढी ४१.३० प्रतिशत घरपरिवारमा आर्थिक पक्षले गर्दा हुन गरेको पाइयो त्यस्तै सामाजिक-साँस्कृतिक पक्षको कारणले २३.८० प्रतिशत घरपरिवार रहेको देखियो । शैक्षिक पक्ष, राजनैतिक पक्ष र अन्यमा क्रमशः २२.२०,  ११.१० र १.६० प्रतिशत रहेको पाइयो ।

**५.४ छरछिमेकी बीच हुने द्वन्द्वको कारण : -**

द्वन्द्व समाजमा यति व्यापक छ कि यो एउटा व्यक्ति भित्रै श्रीमान्/श्रीमतीको बीचमा घरपरिवारमा समुदाय भित्रै र समुदायहरु बीच रहिरहन्छ (उप्रेती, २०६०:९) । राजवंशी समुदाय भित्र छरछिमेकमा वालीनाली तथा कृषि सम्बन्धी विषयमा, आर्थिक लेनदेन सम्बन्धी विषयमा केटाकेटीको झगडाको विषयमा, छोरीचेलीको हातपातको विषयमा झगडा, तनाव, द्वन्द्व, वेमेलको अवस्था रहेको पाइन्छ । राजवंशी समुदायमा छरछिमेकी बीच आर्थिक लेनदेनमा झगडा हुने, लगेको ऋण समयमा नबुझाउने ऋण लगि जाँड-रक्सी खाएर नतिर्ने साथै ऋण दिदाँ धेरै ब्याज लिने, बाठा, चलाख राजवंशीले, सोझा, सरल राजवंशीलाई आर्थिक कारोबारमा झुक्याउने आदि गरेका पाइयो । जसको कारणले उक्त समाजमा रहेको द्वन्द्वलाई वक्स नं.-३ मा देखाइएको छ ।

(२०२० सालको भूमि सुधार ऐन लागु हुनु भन्दा अगाडि अहिलेका राजवंशीको बाबु बाजे सबैको केही न केही जग्गा रहेको थियो झापा, मोरङ्ग जस्ता ठाउँमा यिनीहरुको बाहुल्यता र बर्चश्व रहेको थियो । त्यहाँ जग्गाको पास, नामसारी गर्ने काम पट्वारी र जमिन्दारीले जिल्लाको अड्डामा आएर गर्दथे । त्यसबेलामा सोझा, सरल राजवंशी जातको जग्गा जमिन पट्वारी र जमिनदारी मिलेर आफ्नो नाममा पार्दथे । साथै २०२१ को भूमिसुधार र औलो उन्मूलन भएपछि ब्राम्हण क्षेत्रीको प्रवेश भयो । उनीहरुसँग पैसा हुने राजवंशी सँग जग्गा हुने त्यसको साटासाट गरेर मोजमस्ती तिर लागेकाले जग्गा जमिनमा पहुँच बिस्तारै खस्कदै गएको हो ।

देवु राजवंशी

पाँचगाछी- ३

बालीनाली लगाउने उक्त बालीनालीलाई अर्काको बाख्रा, गाई गोरु, कुखुरा पसेर बिगार्ने कारणले छरछिमेकी बीच मनमूटाव, द्वन्द्व, वेमेल, प्रतिस्पर्धा रहेको छ । बालीनाली विगार्दा वा अर्काको गाईवस्तुले खाँदा थोरै खाएको छ वा त्यो वाली फेरि केही समयपछि उस्तै हुन्छ भने सम्झाउने गर्छन् तर धेरै खाएको छ भने दुवै पक्ष वसेर आपसी समझदारीका साथ वालीनाली लगाउँदाको खर्च हेरेर विगो लिने दिने हुन्छ । तर कहिलेकाहिं दुई पक्षमा समझदारी वातावरण कायम भएन भने त्यहाँको वुद्धिजिवि, अनुभवि, छरछिमेकी, देउनीया, शिक्षक, भेला भएर दुवै पक्षको साथमा के गर्ने भन्ने निर्णयमा पुग्छन् जसलाई प्राय राजवंशी समुदायले मान्दै आएका छन् । केटाकेटीहरु स्कूल जाँदा, खेल्दा, एक-आपसमा झगडा गर्ने, छोरीचेलीको हातपातको निउँमा पनि एक-आपसमा छरछिमेकी बीच सम्बन्ध चिसिएको अध्ययनबाट प्रष्ट हुन्छ । राजवंशी समुदायमा यी सम्पूर्ण झगडाहरुको कारणहरुमा शैक्षिक स्तर कम हुनु, जनचेतना नहुनु, त्यसमा पहुँच पूग्ने आर्थिक अवस्था नहुनु जसले गर्दा परम्परागत पेशा, मूल्य, मान्यता आदिलाई अङ्गाल्दै अघि बढ्नु हो । एकातिर आधुनिक पेशा व्यवसायतिर प्रवेश गर्ने राजवंशी पनि छन् भने अर्कोतिर धामी झाकी टुना मुनामा विश्वास गर्ने राजवंशी पनि छन् । राजवंशी समुदायमा छरछिमेक बीच झगडाका कारणलाई तल तालिकामा प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं.-११**

**राजवंशी समुदायमा छर-छिमेकबीच द्वन्द्व हुने कारणहरु**

| क.स. | विवरण | घरपरिवार (उत्तर आवृतिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक कारोबार | २८ | ३५.०० |
| २ | बालीनाली सम्बन्धी विषयमा | २६ | ३२.५० |
| ३ | केटाकेटीको झगडाको विषयमा | २२ | २७.५० |
| ४ | छोराछोरीको हातपातको विषयमा | २ | २.५० |
| ५ | अन्य | २ | २.५० |
| | जम्मा | ८० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-११ का अनुसार राजवंशी समुदायमा मनमूटाव र द्वन्द्व हुने कारणहरुमा ३५.०० प्रतिशत आर्थिक लेनदेनको कारणले भएको रहेछ भने बालीनाली सम्बन्धी विषयमा ३२.५० प्रतिशत, केटाकेटीको झगडाको विषयमा २७.५० प्रतिशत रहेको पाइयो । छोराछोरीको हातपातको विषयवस्तु र अन्य विषयवस्तुमा २.५०, २.५० प्रतिशत झगडा हुने गरेको देखियो ।

## ५.५ घरपरिवार बीच द्वन्द्व हुने कारणहरु :-

राजवंशी परिवारमा पैसा सम्बन्धी कारोवारमा दुइ पुस्ता बीच द्वन्द्व र झगडा, वेमेल रहेको कुरालाई प्राय सबै परिवारले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा स्वीकारेका छन् । वावु आमाले छोराछोरीलाई किताव, कापी, साइकल, लुगा, कपडा आदि समानको लागि खर्च गरेको बताएका छन् भने छोरा-छोरीहरु समय अनुसार चल्नको लागि पैसा दिन वावु-आमा आनाकानी गर्ने बताउँछन् राजवंशी परिवार कृषि, ज्याला मजदूरी गरेर जीविकोपार्जन गर्ने विस्तारै विकासको प्रक्रियामा माथि आउँदै गरेको जाती हो त्यहाँ कृषि कार्य गर्न ज्याला मजदूरी गर्न बाहिरको काम गर्नु पर्ने हुन्छ साथै घरभित्रका कार्य पनि हुने गर्दछ । प्रायजसो सधै काम गर्नु पर्ने हुन्छ त्यो कामको विषयलाई लिएर घरपरिवारका सदस्य बीच मनमुटाव, झगडा हुने गरेको पाइन्छ । आजका राजवंशी युवायुवतीहरु पश्चिमीकरण, आधुनिकीकरणले गर्दा हरेक प्रविधि (Mobile, DVD, CD, Cycle) लाई आफ्नो पहुँचमा पार्न खोज्छन । तर त्यसको लागि पर्याप्त आर्थिक अवस्था नभएकाले गर्दा आमा-वावु छोरा-छोरी बीच झगडा हुने गरेको छ । घरपरिवारका सदस्यहरु बीच पेशाको सन्दर्भलाई लिएर पनि विवाद हुने गरेको पाइन्छ केही सदस्यहरु रोजगारको लागि विदेशिनु पर्ने बताउँछन । तर आमा-वावुहरु आफ्नै देशमा बसेर खेती गर्नु पर्ने कुरामा नै जोड दिन्छन् । शैक्षिक अवस्था कमजोर रहेका राजवंशीहरु अहिले आएर शिक्षाको महत्व बुझ्केकाले गर्दा शिक्षा क्षेत्रमा छोराछोरीलाई लगानी गर्नुपर्ने कुरालाई स्वीकार्छन तर घरपरिवारका सदस्यहरु बीच सरकारी स्कूल पढाउने कि बोडिङ्ग स्कूल पढाउने भन्ने कूरामा भने मतभेद रहेको छ । आजका नयाँ पुस्ताहरु बोडिङ्ग पढाउनुपर्ने धारणा राख्छन भने पूराना पुस्ता बोडिङ्गमा लगानी ज्यादा गर्नु पर्ने भएकाले सरकारी स्कूल पढाउनु पर्ने धारणा व्यक्त गर्दछन । राजवंशी घरपरिवारमा पैसा कमाउने सदस्य र नकमाउने सदस्य बीच पनि मनमुटाव रहेको कुरालाई त्यहाँका बासिन्दाले उठाएका छन् । राजवंशी समुदायमा एउटै पुस्ता दाजूभाइ र

दिदीबहिनी बीच पनि विवाद, वेमेल रहेको पाइन्छ भने अभिभावकले आफ्नो छोराछोरीप्रति गरेको विभेदलाई पनि देख्न सकिन्छ । (हेर्नुहोस् वक्स नं. - ४)

| |
|---|
| हामी दिदीबहिनी सधैं आ-आफ्नो काम गर्छौं । बहिनीले खेतवारीको काम गर्दै म घरभित्रको काम गर्छु । उसले घर भित्रको काम राम्रो सँग गर्न जान्दिन, कहिले काँहि घर भित्रको काम पनि गरिदिए हुन्थ्यो भन्ने लाग्छ । त्यस्तै गरी भाईको स्कूल नजिकै छ । उसलाई स्कूल जाँदा साइकल चाहिन्छ भन्छ । केही काम सघाउँदैन । मोबाइल किनि माग्छ, फेल हुन्छ, त्यस्तो हुदाँ पनि आमा वुवा त्यसलाई गाली गर्नुहुन्न । हाम्रो स्कूल टाढा छ, हामी पास पनि हुदैछौ । तर हामीले घरभित्र र वाहिरको काम पनि गर्नुपर्छ त्यै भएर कहिले काँहि विवाद हुन्छ । |
| वास्की/वसन्ती राजवंशी<br>पाँचगाछी - ३ |

वक्स-४ को केसले राजवंशी समुदायभित्र हुने छोराछोरीको भेदभावलाई देखाउँछ । अभिभावकले छोराको हरेक आवश्यकता पुरा गर्ने, छोराको सानोतिनो गल्तिलाई पनि माफी दिने, छोरीको आवश्यकताप्रति ख्याल नराख्ने, छारीलाई घरको काममा व्यस्त राख्ने गरेको पाइयो । जसको कारण अशिक्षा, छोराको महत्व, जनचेतनाको कमि आदिलाई लिन सकिन्छ । घरपरिवार बीचको द्वन्द्वलाई बुझ्न तलको तालिकाले सहयोग गर्दछ ।

**तालिका नं.-१२**

**घरपरिवारका सदस्य बिच द्वन्द्वका कारणहरु**

| क.स. | विवरण | परिवार(उत्तर आवृतिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | पैसा सम्बन्धी विषयमा | २२ | २९.३३ |
| २ | कामको विषयमा | २० | २६.६७ |
| ३ | Cycle, T.V., Mobile etc. विषयमा | १० | १३.३३ |
| ४ | पेशाको विषयमा | ८ | १०.६७ |
| ५ | शिक्षाको विषयमा | ६ | ८.०० |
| ६ | पैसा कमाउने र नकमाउने विषयमा | ६ | ८.०० |
| ७ | अन्य | ३ | ४.०० |
| | जम्मा | ७५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-१२ का अनुसार राजवंशी परिवारमा पैसा सम्बन्धी विषयमा २९.३३ प्रतिशत घरपरिवारमा द्वन्द्व हुने गरेको पाइन्छ । त्यस्तैगरी कामको विषयमा जम्मा २६.६७ प्रतिशत द्वन्द्व हुने गरेको तथ्याङ्कले देखाएको छ, त्यस्तै गरी को Cycle, T.V., Mobile विषयमा, पेशाको विषयमा, शिक्षाको विषयमा, पैसा कमाउने र नकमाउने विषयमा र अन्य क्रमशः १३.३३, १०.६७, ८.००, ८.०० र ४.०० प्रतिशत झगडा, वेमेल र द्वन्द्वको अवस्था रहेको छ ।

### ५.६ भाषामा द्वन्द्व :-

भाषा सञ्चारको साधन हो । जसको माध्यमबाट मानिसहरुलाई दैनिक जीवन सञ्चालन गर्न सजिलो हुने गर्दछ । राजवंशी जातिहरुको आफ्नै भाषा रहेको छ, उनीहरु एक-आपसमा कूरा गर्दा राजवंशी भाषा नै बोल्ने गरेको पाइन्छ तर आजका पुस्ताहरु एक-आपसमा कुरा गर्दा नेपाली भाषामा पनि कुरा गर्ने गर्दछन् । राजवंशी समुदायमा पूरानो पुस्ताका राजवंशीहरु बढी

मात्रामा राजवंशी  भाषा बोल्दछन् त्यसमा पनि  महिलाहरु । महिलाहरु घरभित्रकै कार्य गर्ने र पुरुषले सामान्य जीविकोपार्जनको लागि काम खोज्न जाने, सब्जी ब्यापार गर्ने, आदि कार्य गर्दा उनीहरुकै आफ्नै क्षेत्र भन्दा माथि उठी गतिशिलता बढेकाले गर्दा, अन्य जातजातिसँगको सम्पर्क र व्यापार व्यावसाय, ज्याला मजदूरी आदि रोजगारीको कार्य गर्दा नेपाली भाषा सिक्दै गएका छन् । नयाँ पुस्ताहरु भने राजवंशीहरु भित्रै पनि नेपाली भाषा र राजवंशी भाषा दुवैको प्रयोग गर्दै आएका छन् जसको कारण नयाँ पुस्ताको गतिशिलता र विद्यालयका पाठ्यक्रम नेपाली भाषा बाटै लेखिनु र उनीहरुलाई त्यही सिकाउनुले गर्दा भएको हो । राजवंशी समुदायमा नेपाली, अग्रेंजी र राजवंशी भाषा बीच केही प्रतिस्पर्धा, मतभेद रहेको छ । आजका शिक्षित हुदै गरेका युवायुवतीले श्रोत र साधनमा पहुँच पु-याउन नेपाली र अग्रेंजी भाषा राम्रो सँग जान्नु पर्ने कूरा प्रति सचेत हुदै आफ्नो भाषा संस्कृतिलाई भन्दा राष्ट्रिय भाषा र अन्तराष्ट्रिय भाषालाई जोड दिदै आएको पाइन्छ । तर कतिपय पूराना पूस्ताका राजवंशीले राजवंशी भाषा मात्रै बुझ्ने भएकाले उनीहरु सँग बाध्यात्मक रुपमा भए पनि राजवंशी भाषा नै बोल्नुपर्ने हुन्छ । केही घरपरिवारका सदस्यहरु भने आफ्ना सन्तानले राजवंशी भाषा प्रति चासो नदेखाएको र राजवंशी भाषाप्रति दवावमूलक तरिकाबाट सिकाउन नेपाली भन्दा राजवंशी भाषा नै प्रयोगमा ल्याउने गरेको देखियो । राजवंशी समुदायभित्र भाषामा प्रतिस्पर्धा रहेको कूरालाई तलको तालिकाद्धारा प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं.-१३**

**राजवंशी समुदायमा भाषा सम्बन्धी प्रतिस्पर्धा**

| क्र.स. | विवरण | परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | राजवंशी भाषा बोल्नुपर्ने | ७ | १९.४४% |
| २ | नेपाली, राजवंशी जुन बोले पनि हुने | २९ | ८०.५५% |
| | जम्मा | ३६ | १००.००% |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-१३ का बाट प्रष्ट हुन्छ कि राजवंशी समुदायमा गतिशिलताको क्रम बढ्दो छ नेपाली, राजवंशी जुनसुकै भाषा बोल्दा हुने राजवंशीको घरपरिवार ८०.५५ प्रतिशत प्रतिशत रहेको छ भने राजवंशी भाषा मात्रै बोल्नुपर्ने वा बोल्ने घरपरिवार १९.४४ प्रतिशत रहेको छ ।

## ५.७ भेषभूषामा द्वन्द्व :-

तराइमा बसोबास हुनाले राजवंशीहरु धेरै बाक्ला लुगा लगाउँदैनन् । पूराना पानाका राजवंशी त केवल एउटा लगौटी लगाउँछन् । वुढापाकाहरुले कहिलेकाहिं फेटा गुथेको देखिन्छ साथै उनीहरुका काँधमा गाम्छा राख्ने गरेको देखिन्छ । राजवंशी स्त्रीहरु घुँडासम्म पुग्ने एउटा वस्त्र शरीरमा लेपेटेर  छातीमा घुसारेर लगाउँछन् जसलाई राजवंशी भाषामा पेटानी भनिन्छ ।  तर अचेल आधुनिक हावाले छोएका युवायुवतीहरु किशोर किशोरीहरु भने सर्ट, पेन्ट, भेष, सारी, ब्लाउज, लगाउँछन् अनि छिमेकीहरु सरह युगानूकुल फेशनदार आभुषणले आभुषित पनि देखिन्छन् (उपाध्याय २०६५:५५) । राजवंशी समुदायमा पूराना पुस्ताको राजवंशीहरु उनीहरुकै संस्कृति अनुसारको भेषभुषा लगाउँछन् तर अहिलेका राजवंशी स्त्रीहरु पश्चिमीकरणको प्रभाव, इन्टरनेट, टेलिभिजन, फिल्म, शहरीकरणको प्रभाव परि महिलाहरु पेन्ट, स्कट, छोटाछोटा लुगा, जामा आदि जुन उनीहरुको संस्कृति भन्दा भिन्दै रहेको छ त्यस्तो भेषभूषा लगाउँछन् भने राजवंशी पुरुषहरुलाई पनि पश्चिमीकरण, शहरीकरण, इन्टरनेट, फिल्म आदिको प्रभाव परि संस्कृति प्रतिकूलको भेषभूषा लगाउने गरेका छन् । जसले गर्दा पूराना पुस्ताका राजवंशीहरुले नयाँ पुस्ताका राजवंशीहरुले लगाएको पहिरन प्रति गुनासो/मतभेद राखेको पाइन्छ ।

## ५.८ चाडपर्व सम्बन्धी द्वन्द्व :-

राजवंशी समुदायमा उनीहरुको आफ्नै संस्कार संस्कृति अनुसारका चाडपर्वहरु रहेका छन् उनीहरुका विशेष चाडपर्वहरु जस्तै सिरुवा, फगुवा, शिवरात्री, एकादशी, दिपावली आदि रहेका छन् पूराना पुस्ताका राजवंशीहरु उक्त चाडपर्वहरु मनाउने गर्दछन् तर उनीहरुको उक्त चाडपर्वहरु मनाउने क्रम विस्तारै विस्तारै हराउदै गएको छ । अहिलेका राजवंशी युवायुवतीहरु उनीहरुको आफ्नो चाडपर्व भन्दा पनि दशैं, छठ, भाइटिका, देउसी, भैलो आदि जस्ता चाडपर्वमा मस्त हुने र रमाइलो गर्ने परम्परा रहेको छ तर नयाँ पुस्ताको त्यो रोजाई प्रति पूरानो पुस्ताको पूर्ण रुपमा समर्थन नभएको अध्ययन, अनुसन्धानले देखाउँछ । पूरानो पुस्ताहरु उनीहरुको

बच्चाबच्चीले वा नयाँ पुस्ताले आफ्नो संस्कार र संस्कृतिलाई निरन्तरता दिनुपर्ने बताउँछन् । राजवंशीहरुको एउटा पूरानो पुस्ता र नयाँ पुस्ता बीचको यो मतभिन्नताको कारणहरुमा विस्तारै शैक्षिक अवस्था बढ्दै जानु, राजवंशीहरु विद्यालयमा पहुँच पुग्नु, विद्यालयमा दशैं, तिहार र अन्य राष्ट्रिय पर्वहरुमा बिदा दिनु, राजवंशीहरुको अन्य जात बाहुन, क्षेत्रीसँगको सम्पर्क बढ्दै जानु, उनीहरुको परम्परा संस्कृति अल्पमतमा पर्दै जानु, आत्मसाथकरण, संस्कृतिकरण आदिले गर्दा भएको हो ।

## ५.९ द्वन्द्व व्यवस्थापन विधि :-

"द्वन्द्वका आधारभूत कारणहरु (राजनैतिक, सामाजिक, आर्थिक, भौगोलिक, वैचारिक, बाह्य प्रभाव), द्वन्द्व प्रमूख भूमिका खेल्ने नायकहरु र उनीहरुका सहयोगीहरु द्वन्द्वमा संलग्न हुनुपर्ने कारणहरु, द्वन्द्व बढाउन वा समाधान गर्न उनीहरु सँग उपलब्ध साधन श्रोतहरु, उनीहरुका सीमा र बाध्यताहरुका साथै समय र परिस्थितिको समग्र विश्लेषण गरी त्यसको आधारमा द्वन्द्व समाधानको रणनीति बनाएको खण्डमा द्वन्द्व समाधान गर्न बढी सजिलो पदंछ । ( उप्रेती, २०६०: ११०)"।

### ५.९.१ द्वन्द्व समाधान प्रक्रिया :-

राजवंशी जातको द्वन्द्व समाधान गर्न उनीहरुले औपचारिक र अनौपचारिक द्वन्द्व व्यवस्थापन विधिको प्रयोग गर्ने गरेका छन् । उनीहरुको द्वन्द्व समाधान गर्ने संयन्त्र आफ्नै किसिमको हुन्थ्यो । तर २०२१ सालको भूमिसुधार ऐन सँगै त्यसको औपचारिक रुपमा अन्त्य भए पनि अहिले सम्म नै त्यो त्यस्ता खालमा आफ्नै द्वन्द्व समाधान संयन्त्र प्रयोगमा आइरहेका छन् । राजवंशी समुदायमा द्वन्द्व व्यवस्थापनको लागि आफ्नै खालको नियम कानुन मूल्य मान्यता संस्कृतिक रहेको हुन्छ जसको माध्यमबाट राष्ट्रको नियम, कानुन, पुलिस प्रशासनले मिलाउन नसकेका मुद्दालाई मिलाएको पाइन्छ जसलाई नै अनौपचारिक द्वन्द्व व्यवस्थापन भनिन्छ । राजवंशी समाजमा भएका द्वन्द्वहरुलाई उनीहरु आजसम्म पनि अनौपचारिक द्वन्द्व व्यवस्थापन विधिबाट नै समाधान गर्दै आइरहेका छन् । अनौपचारिक तहबाट द्वन्द्व व्यवस्थापन गर्दा "देउनिया"को प्रमुख भूमिका हुन्छ । देउनिया भनेको समुदायको धनी, श्रोत साधनमा पहुँच भएको, ४०-५० जनाको समुहलाई आफ्नो पकडमा राख्न सक्ने, जग्गा जमिन प्रसस्त भएको

खेति गर्न धेरै कामदार भएको व्याक्ति हो । पहिला पहिला धनसम्पतिलाई नै आधार बनाएर देउनियाको चयन गर्दथे भने अहिले त्यो आधार बिस्तारै परिवर्तन हुँदै धनसम्पति, जेष्ठता, शिक्षित, अनुभविलाई आधार बनाएर त्यसको चयन गर्दै आएको पाईन्छ । २०-२५ बर्ष अगाडि राजवंशी समुदायमा भएको साना तथा ठुला सवै किसिमका झगडा देउनियाले नै मिलाउथ्यो जसलाई सम्पूर्ण राजवंशीले बिश्वास गर्नुपर्दथ्यो तर आजकाल ठूला-ठुला झगडाहरु देउनियाका साथै बाहुन, क्षेत्री, समुदायका अन्य जान्ने सुन्ने व्याक्ति, शिक्षक आदिको सहयोगमा मिलाउँछन् । हेर्नुहास् बक्स ५

आफ्नो नातीलाई टुनामुना गरेर विरामी बनाएको र अन्य पाँचजनालाई मन्त्र जपेर विभिन्न समयमा मारेको आरोप लगाउँदै गाउँलेहरुको आग्रहमा गाउँको राजवंशीका अगुवा नापीलालले आफूलाई मलमूत्र खुवाएको पिडित नारायण र वीर व. राजवंशीले बताएका छन् । मलमूत्र खुवाएपछि तन्त्र मन्त्र टुनामूनाको शक्ति सकिन्छ भन्दै जबरजस्ती कोच्याएका थिए । (अन्नपुर्ण पोष्ट) उक्त कार्यमा गाउँका अगुवा नेता मात्र नभइ प्राय सबै राजवंशीको नेतृत्वमा मलमूत्र कोच्याइएको थियो । तर पिडितको परिवारले भने आफूलाई अन्याय भएको बताएका थिए । त्यसपछि पिडितले प्रशासनमा निबेदन दिएछन् र प्रशासनले कारबाही प्रकिया अगाडि वढाएछ तर त्यसवेला नेतृत्व गर्ने राजवंशीका अगुवा फरार भएछन्। त्यसपछि गाउँका राजवंशीहरु दुई भागमा विभाजित भए । एउटा समूह घट्ना नराम्रो भयो भन्ने थियो । अर्को समूह टुनामुना, धामी झाक्रीमा विश्वास राख्ने थियो जसले घट्ना सही भएको बताएको थियो । त्यस समाजमा अन्य समुदाय वाहुन, क्षेत्री, नेवारका साथसाथै शिक्षक, वुद्विजिविहरु पनि वसोवास गर्दथे । तिनीहरुले घट्नाको खण्डन गर्दै टुनामुना, वोक्सी, धामी, झाक्री आदि नहुने तर्क राखेको र मलमुत्र कोच्याउनेले माफी माग्नुपर्ने वताए । सुरुमा मलमुत्र कोच्याउनेले माफी नमाग्ने वताएपनि घट्ना औपचारिक रुपमा नै प्रशासन समक्ष पुगेकाले गर्दा प्रशासनिक कारवाहीको डरले गर्दा नेतृत्वदायि भूमिका खेल्ने राजवंशीहरुले गाउँमै माफी माग्ने निर्णय गरे र उक्त समूहले गल्ति स्विकारेकाले गर्दा वातावरण सहज बन्यो । त्यसपछि पिडितलाई केही समय गाउँमा वस्न असजिलो महसुस भएपनि अहिले अवस्था सामान्य छ ।

अन्नपुर्ण पोष्ट

समुदायको झगडा समुदायमा नै मिलाउन जोड दिन्छन् यदि मिलेन भने आजकाल औपचारिक कानून तर्फ जाने चलन बढ्दै गरेको देख्न सकिन्छ । राजवंशी समुदायमा झगडा भएपछि केही समय सम्म वोलचाल नहुने पछि बिस्तरै आफै बालचाल हुने गरेको पाइन्छ भने कतिपय घट्नाहरु सांस्कृतिक कृयाकलाप, चाडपर्व आदिमा हुने सामुहिक भेलाबाट पनि मिल्ने गरेको पाइन्छ । (हेर्नुहोस् वक्स नं. - ६)

| |
|---|
| उमेश राजवंशी १४ बर्षको थियो । ऊ प्राय छिमेकीको साथी बुधकरण सँग खेल्थ्यो । उमेश खैनी, सुपारी पनि खान्थ्यो उसले वुधकरणलाई पनि खैनी सुपारी दिदो रहेछ जुनकुरा एकदिन बुधकरणको आमा बुबाले थाह पाए त्यसपछि उमेशलाई बुधकरणको बुबाले झापड हानेछन् त्यो सबै घट्ना उमेशको परिवारले थाह पायो । केहीसमय पछि उमेशकी आमा उमेशलाई लिएर बुधकरणको घरमा गइ झगडा गर्न थालिन् भनाभन् भयो । दुबै पक्ष एकअर्का सँग बोल्न छाडे । एक दिन त्यस गाँउको एक जना सदस्यको मृत्यु भयो । सांस्कारिक कृयाकलापसँगै उनीहरुको बोलचाल सुरुभयो । पहिले त सामान्य रुपमा मात्र बोलचाल भएपनि अहिले आएर भने दुबै पक्षको बोलचाल पहिलेको जस्तै छ । |
| श्रीलाल राजवंशी<br>पाँचगाछी - ७ |

राजवंशी समुदायमा केही पढेको, वुद्धिजिवी, जग्गाजमिन भएको, राजनैतिक पहुँच भएको व्यक्तिलाई नेताका रुपमा स्वीकार्छन र प्रत्येक गाउँमा त्यस्ता नेताहरु हुने गर्दछन् र गाउँघरमा छोरीचेलीको हातपातको विषयमा, बालीनालीको विषयमा, सामान्य लेनदेनको विषयमा हुने, झगडाहरु उनीहरुले मिलाउँछन । तर मरिमराउ भएका, जग्गाजमिन सम्बन्धी, ठूलै चोटपटक लाग्ने गरी कुटपिट भएका घट्नाहरु मिलाउन भने अरु गाउँका राजवंशी नेताहरुको पनि भूमिका हुने गर्दछ ।

आजभोली राजवंशी शिक्षाको स्तर केही बढ्दै आएकाले पूलिस प्रशासन सम्बन्धी ज्ञान र पहुँच पूग्दै गएको कारणले गर्दा उनीहरुले औपचारिक तरिकाबाट पनि द्वन्द्व समाधान गर्ने गरेका छन् । जसलाई तलको तालिकाबाट प्रष्ट रुपमा बुझ्न सकिन्छ ।

## तालिका नं.-१४

## द्वन्द्व समाधान विधि

| क.स. | विवरण | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १ | औपचारिक | ० | ०.०० % |
| २ | अनौपचारिक | २७ | ७५% |
| ३ | अनौपचारिक र औपचारिक | ९ | २५% |
| | जम्मा | ३६ | १००% |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-१४ का बाट प्रष्ट हुन्छ की राजवंशी समुदायमा औपचारिक रुपमा मात्र द्वन्द्व समाधान गर्ने घरपरिवार शुन्य रहेको छ । त्यसै गरी अनौपचारिक तरिका बाट मात्र द्वन्द्व समाधान गर्ने ७५ प्रतिशत घरपरिवार रहेका छन् । अनौपचारिक र औपचारिक दुवै तरिकालाई अपनाएर द्वन्द्व गर्ने घरपरिवार संख्या २५ प्रतिशत रहेको छ । राजवंशी समुदायमा औपचारिक तरिकाबाट मात्र द्वन्द्व समाधान हुने घरपरिवार निल भएको कारण भने पूलिस, प्रशासनले झगडा मिलाउनु भन्दा पैसा खाने कार्य गर्नु, श्रोत र साधानमा पहुँच नभएको व्यक्तिको कूरा नसुन्नु प्रशासनिक सेवा, सुविधाको बारेमा ज्ञान नहुनु, जनताको पहुँचभन्दा टाढा हुनुलाई मान्न सकिन्छ ।

### ५.८.२ अनौपचारिक तरिकाबाट द्वन्द्व समाधान गर्नुको कारण :-

राजवंशी समुदायहरुले विशेष गरी उनीहरुको आफ्नै मौलिक संयन्त्रद्धारा समस्या, झगडा, द्वन्द्व मिलाउने गरेको अध्ययन, अनुसन्धानले बताउँछ । आजको यो समय मा आउँदा पनि उनिहरु औपचारिक द्वन्द्व समाधान प्रक्रिया सँग  टाढा रहेको कूरालाई उनीहरु सहजरुपमा बताउँछन् । औपचारिक कानुन निकम्बा भएर प्रशासनका कर्मचारीहरु भ्रष्टचारी भएकाले, पैसाको चलखेलले गर्दा मुद्दा मामिलाको सही निर्णय नहुने कारण, पुलिस प्रशासन जनताको पहुँच भन्दा टाढा रहनु, आजसम्म गरिएका अभ्यास अनुसार औपचारिक कानुनले थोरै मात्र द्वन्द्व समाधान गर्नु, नातावाद, कृपावाद, चाकरी, भनसुन आदि चल्नु जस्ता कारणले पनि औपचारिक

व्यवस्था प्रति उनीहरु मध्येका धेरै घरपरिवारका सदस्यहरु नजाने गर्दछन् । अनौपचारिक व्यवस्था प्रति भने उनीहरुको आकर्षण रहेका कुरालाई अध्ययन अनुसन्धानले देखाएको छ । अनौपचारिक कानुन व्यवस्था सजिलो भएर, सबैको पहुँचमा हुने भएकाले, स्थानीय व्यक्तिहरुकै समूहबाटै निर्णय हुने भएकाले, सही निर्णय हुन सक्ने भएकाले गर्दा उनीहरु अनौपचारिक व्यवस्थाप्रति सन्तुष्ट छन् । त्यसका अलवा औपचारिक व्यवस्थाले सुल्झाउन नसकेका समास्या, झगडा, द्वन्द्व, मुद्दाहरु सुल्झाउन सक्ने भएकाले गर्दापनि उनीहरु उक्त व्यवस्था प्रति आकर्षित नै रहेका छन् । राजवंशी समुदायले अनौपचारिक तरिकाबाट द्वन्द्व समाधान गर्नुको कारणलाई तलको तालिकाद्धारा स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं.-१५**

**अनौपचारिक तरिकाबाट विवाद समाधान गर्नुको कारणहरु**

| क्र.स. | विवरण | परिवार | प्रतिशत आवृतिमा |
|---|---|---|---|
| १ | सजिलो भएर | २७ | २८.१३ |
| २ | यो व्यवस्था सबैलाई मान्य भएर | २४ | २५.०० |
| ३ | मूल्य, मान्यता, संस्कृतिको निरन्तरता | २० | २०.८३ |
| ४ | औपचारिक व्यवस्था निकम्बा भएर | १५ | १५.६२ |
| ५ | अशिक्षा | १० | १०.४२ |
| | जम्मा | ९६ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

तालिका नं.-१५ का अनुसार अनौपचारिक व्यवस्थाबाट द्वन्द्व समाधान गर्नुको कारणमा सजिलो भएर २८.१३ प्रतिशत घरपरिवार रहेका छन् भने २५.०० प्रतिशत घरपरिवार यो व्यवस्था सबैलाई मान्य भएर भन्नेमा रहेका छन् । त्यस्तै मूल्य मान्यताको निरन्तरता, औपचारिक व्यवस्था निकम्बा भएर, अशिक्षामा क्रमशः २०.८३, १५.६२ र १०.४२ प्रतिशत घरपरिवार रहेका छन् ।

# अध्याय - छ

## सारांश र निष्कर्ष (Summary & Conclusion)

### ६.१ सारांश

प्रस्तुत शोधपत्रलाई जम्मा ६ अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमि समस्याको कथन, उद्देश्य महत्वको बारेमा चर्चा गरिएको छ । अध्याय दुईमा पूर्व साहित्यको समीक्षा गर्ने क्रममा द्वन्द्वको अवधारणा सामाजिक द्वन्द्व सम्बन्धी लेख, रचना, पूस्तकको साथै राजवंशी सम्बन्धी अध्ययन गरी एका शैक्षिक सामाग्रीको बारेमा चर्चा गर एको छ । अध्याय तीनमा अनुसन्धानको विधिको बारेमा उल्लेख गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचयका साथै संकलन गरेर ल्याइएको घरधुरि सर्वेक्षणबाट प्राप्त हुन नतिजालाई राखिएको छ । अध्याय पाँचमा राजवंशी समुदाय बीच द्वन्द्व हुने कारण र त्यसको समाधानको प्रक्रियाका बारेमा व्याख्या र विश्लेषण गरिएको छ । अन्तिम अध्यायमा सारांश र निर्ष्कषलाई राखिएको छ ।

यस शोधपत्र पाँचगाछी गाउँ विकास समितिमा बसोबास गर्दै आएका राजवंशी जातिहरुको बिचमा हुने द्वन्द्व, छरछिमेक बिचको द्वन्द्व, घरपरिवारका सदस्यहरु बिच हुने द्वन्द्व र त्यसको कारण साथै त्यस्ता किसिमका द्वन्द्व हुँदाहुँदै पनि उक्त समुदायको निरन्तरताको लागि द्वन्द्व व्यवस्थापन विधीको प्रयोगको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनको सरलताका लागि राजवंशी जातिको बसोबास रहेका वडाहरु ३ र ७ लाई अध्ययन क्षेत्रको केन्द्र मानिएको छ । प्रत्येक वडामा घरधुरीका आधारमा -यान्डम छनौट विधि अपनाएर नमूना छनौट गरिएको छ । घरधुरी सर्वेक्षण, प्रश्नावली, जीवन इतिहास जस्ता पद्धतिहरु अपनाई आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरिएको छ ।

राजवंशी जाति भित्र एउटै पुस्ताबीच लेनदेनको विषयमा खानपानको विषयमा, जग्गाको विषयमा, पेशाको विषयमा, राजनैतिक, सामाजिक, साँस्कृतिक सम्बन्धमा द्वन्द्व हुने गरेको पाइन्छ । त्यसमध्ये सबैभन्दा बढी लेनदेनको विषयमा द्वन्द्व हुने गरेको छ ।

राजवंशी समुदायमा दुई पुस्ताबीच सामाजिक-साँस्कृतिक चाडपर्व, संस्कार, मूल्य, मान्यता, राजनैतिक पक्ष, आर्थिक पक्ष, शैक्षिक पक्ष जस्ता विषयवस्तुलाई लिएर मतभेद, द्वन्द्वको अवस्था आएको छ ।

बालीनाली सम्बन्धी विषयमा, केटाकेटीहरु बीच भएको झगडालाई लिएर, छोरीचेलीको हातपातको विषयमा, आर्थिक कारोबारको विषयलाई लिएर राजवंशी छरछिमेकीहरु बीच झगडा, वेमेल, द्वन्द्व रहेको पाइन्छ । राजवंशी जातिको घरभित्रका सदस्यहरु बीच आपसी संघर्ष, तनाव, द्वन्द्वको अवस्था रहेको अनुसन्धानकर्ताको अध्ययनले देखाउँछ । राजवंशी घर परिवारका सदस्यहरु बीच, पैसा सम्बन्धी विषयमा, कामको विषयमा, साइकल, टि.भि., मोवाइल आदिको विषयमा, पेशाको विषयमा शिक्षाको विषयमा, पैसा कमाउने र नकमाउने सदस्यका बीचमा वेमेल, तनाव, द्वन्द्व रहेको छ ।

राजवंशी जातिको आफ्नै भाषा संस्कृति रहेको छ तर कतिपय नयाँ पुस्ताका राजवंशीलाई आफ्नो भन्दा पनि नेपाली भाषा राम्रो सँग बोल्न आउँछ भने कतिपय पूराना पुस्ताका राजवंशीलाई भने उनीहरुकै मातृभाषा मात्रै आउँछ नेपाली भाषा बोल्न जान्दैनन् त्यसैले गर्दा दुई पुस्ताका राजवंशीहरु बीच भाषाको विषयमा पनि द्वन्द्व रहेको छ ।

राजवंशी जातिको आफ्नै किसिमको भेषभुषा, तथा पहिरन रहेको छ । कतिपय पूराना पुस्ताका राजवंशीहरु भने उनीहरुकै आफ्नै मौलिक भेषभूषा महिलाहरु पेटानी, पुरुषहरु लगौटी र फेटा लगाउँछन् भने नयाँ पुस्ताका कतिपय राजवंशी युगानूकूल फेशनले आभूषित छन् त्यसैले गर्दा पूराना पुस्ताको राजवंशी र नयाँ पुस्ताको राजवंशी बीच भेषभूषामा मतभेद रहेको पाइन्छ ।

राजवंशीहरुको आफ्नै चाडपर्व, संस्कारहरु रहेका छन् जस्तै, सिरुवा, फगुवा, शिवरात्री, एकादशी, दिपावली आदि तर अहिले शहरीकरण, सँस्कृतिग्रहण आधुनिकीकरण, पश्चिमीकरणले गर्दा अप्ठ्यारा लाग्ने र आफ्नै चाडपर्व, संस्कारहरु रहेका छन् जस्तै, सिरुवा, फगुवा, शिवरात्री, एकादशी, दिपावली आदि तर अहिले शहरीकरण, सँस्कृतिग्रहण आधुनिकीकरण, पश्चिमीकरणले गर्दा अप्ठ्यारा लाग्ने र आफ्नै मात्र संस्कृतिमा सिमित हुन नयाँ पुस्ता चाहदैनन् तर पूराना पुस्ता त्यसमा नै जोड गर्दछन् त्यसैले गर्दा दूई पुस्ता बीच चाडपर्व सम्बन्धी द्वन्द्व रहेको छ ।

राजवंशी समुदायमा जति सुकै द्वन्द्व रहेता पनि उनीहरु त्यस्ता खालका द्वन्द्वलाई समाधान गर्दै समाजको निरन्तरता दिदै परिवर्तित जीवनशैलीमा समायोजन हुदै आएका छन् । अहिले उनीहरुको आफ्नै किसिमको द्वन्द्व समाधान गर्ने संयन्त्र नभएपनि समुदायकै जेष्ठ, वुद्धिजिवि, अनुभवि र पहिलेकै संयन्त्रद्धारा साथै अन्यजात बाहुन, क्षेत्री, नेवार आदिको उपस्थितिमा झगडा, तनाव, द्वन्द्व, वेमेललाई मिलाउने गरेको पाइन्छ । उनीहरु औपचारिक द्वन्द्व समाधान विधिलाई विश्वास गर्दैनन् र अनौपचारिक विधिबाट नै समस्याको समाधान गर्दै आइरहेका छन् ।

औपचारिक द्वन्द्व समाधान विधिलाई विश्वास नगर्नुको कारण पूलिस प्रशासनले झगडा मिलाउनु भन्दा पैसा खाने कार्य गर्नु, श्रोत र साधनमा पहुँच नभएको व्यक्तिको कूरा नसुन्नु, प्रशासनिक सेवा, सुविधाको बारेमा ज्ञान नहुनु, जनताको पहुँचभन्दा टाढा हुनु नै मूख्य हो ।

अनौपचारिक तरिका सजिलो भएर, सबैको पहुँचमा भएकाले, स्थानीय व्यक्तिहरुके समूह बाटै निर्णय हुने भएकाले, सही निर्णय हुन सक्ने भएकाले, औपचारिक व्यवस्थाले सुल्झाउन नसकेका समस्या, द्वन्द्व, झगडा  सुल्झाउने भएकाले गर्दा उनीहरु अनौपचारिक व्यवस्था प्रति आकर्षित रहेका छन् ।

## ६.२ निष्कर्ष :-

झापा जिल्लाको पाँचगाछी गाउँ विकास समितिका राजवंशी समुदायको आफ्नै मौलिक सामाजिक परिवेश छ । यद्पी उक्त समुदायमा घरपरिवारका सदस्यहरु बीच, छरछिमेकी बीच, दुई पुस्ता बीच फरक-फरक इच्छा, चाहना, आकांक्षाले गर्दा द्वन्द्वको अवस्था रहेको छ । उनीहरु एउटै समुदाय बीच, खानपान, संस्कृति, भेषभूषामा द्वन्द्व देख्न सकिन्छ तर त्यति हुदाहुदै पनि ती द्वन्द्व समाधान गर्दै समाजको निरन्तरता भने रहदै आएको पाइन्छ । यो जातिको द्वन्द्वात्मक अध्ययनबाट केही भिन्न किसिमका तथ्यहरु प्राप्त गरिएको छ । यिनीहरुको परम्परागत अवस्थाबाट परिवर्तित हुदै अगाडि बढेका छन् । जसको निष्कर्षलाई तल देखाइएको छ ।

राजवंशी समुदायको पेशागत, सामाजिक, सांस्कृतिक, आर्थिक पहिचानमा आएको ह्रासका साथै वाह्य प्रभाव, पश्चिमीकरण, संस्कृतीकरण आत्मसाथकरण निर्देशित परिवर्तनका

कारणले गर्दा उक्त समुदायमा भिन्न भिन्न किसिमका द्वन्द्वका स्वरुपहरु रहेको पाईन्छ । उनीहरु एउटै पुस्ता, दुई पुस्ता, छरछिमेक, घरपरिवारका सदस्यहरु वीचमा परम्परागत पेशा अपनाउने वा आधुनिक पेशा व्यवसाय तिर अगाडी वढ्ने वीचमा द्वन्द्व रहेको छ । जग्गा, जमिन, शिक्षा, खानपान, चाडपर्व, संस्कार आदिको विषयमा पनि एकआपसमा विवाद रहेको छ, त्यस्तै पैशा कमाउने र नकमाउने सदस्य, विदेशवाट पैशा कमाउने र घरमै वसेर घरको काम गर्ने सदस्यको वीचमा पनि द्वन्द्व देख्न सकिन्छ । सम्पत्ति माथिको प्रभुत्व रहेको व्यक्ति र अन्य व्यक्ति विच पनि द्वन्द्व रहेको छ । उक्त समुदायमा केटाकेटीको झगडा, छोरीचेलीको हातपातको विषयमा पनि द्वन्द्व रहेको छ ।

वाह्यप्रभाव, औपचारिक नियम, कानुन, सामाजिक सांस्कृतिक रुपान्तरणका कारणवाट राजवंशी समुदाय भित्र रहेको आफ्नै द्वन्द्व व्यवस्थापनको संयन्त्र र त्यसलाई निरन्तरता दिने देउनीया, जमिन्दारी, पट्वारी प्रथाको प्राय समाप्त नै भएको छ ।

त्यस्तै गरेर राजवंशी समुदायमा आफ्नै तह र स्तरमा द्वन्द्व समाधान गर्ने परम्परा विस्तारै-विस्तारै वाह्य प्रभाव, निर्देशित परिवर्तनका साथै जनचेतना वृद्धि, शैक्षिक स्तरमा आएको सुधारका कारण औपचारिक संस्था मार्फत हुन थालेको छ । यद्यपी सानातिना झगडाहरु, वालीनाली सम्बन्धी भएका झगडा, परिवारका सदस्यहरुबीच भएका झगडाहरु प्राय अनौपचारिक द्वन्द्व व्यवस्थापन विधिवाटै गर्ने गरेका छन् ।

# References

Bhattarai, Hari Prasad. 1994. Cultural Strategies of the Rajbanshies for Adaptation. Unpublished M.A. thesis Kathmandu. Central Department of Sociology/Anthropology. T.U.

Bista, Dor Bahadur. 1990. Fatalism and development. Calcutta: Orient Longman.

Caplan, Patricia. 1972. Priest and Cobblers. London: International textbook.

Caplan, Lionel.1970. Land and Social Change in East Nepal. London: Routeledge and Kegaun paul.

Central Bureau of Statistic.2001. Population of Nepal. VDC\Manicipalities. HMG. Nepal.

Dadhic, Naresh. 2003. Women, Conflict, Resolution and Culture Gandian Perspective. Aavishkar Publisher, Distributor.

Gaize, Frederick.1975. Regionalism and National Unity in Nepal. Berkely University of California.

Ghimire, Rasmi. 2005. Informal Dispute Resolution Mechanism and Practices. Unpublished Proposal. CNSP.

Kattel, S.P. and Chhetri, R.B..2004. Dispute Resolution in Nepal Kathmandu. CVICT.

Rai, Janak and Dahal, Dilli Ram.2007. Nepal in conflict. Anthropology, Csonflict and Development in Nepal. SASON.

Shrestha, Keshav Kumar. 2009. Occasional Paper in Sociology and Anthropology. Ethnography of Jhapali Rajbanshi. Central Department of Sociology and Anthropology. T.U. Kirtipur Kathmandu.

अन्नपूर्ण पोष्टमा प्रकासित लेख "वोक्सा आरोपमा मलमुत्र खुवाएपछि दुई जना विस्थापित", फाल्गुन १४, २०६७ पेज नं.९ ।

उप्रेति, विष्णुराज (२०६०), द्वन्द्व व्यवस्थापनका सिद्धान्तहरु र विधिहरु, इनेव्लिङ स्टेट प्रोग्राम ।

ओझा, नेत्र (२०६३) समाजका ढाँचाहरु, मार्क्सवादी ढाँचा (पेज १०५-१२०) एकेडेमीक बुक सेन्टर ।

गौतम, हरि (२०६७), झापा दिग्दर्शन, अनुसूचि-२५ (पेज ८९३-८९४), ओरिएन्टल पव्लिकेशन ।

घिमिरे, विष्णुविभु (२०६७), झापा दिग्दर्शन, राजवंशी जातिः एक प्रसङ्ग (पेज ५५५-५७१) ओरिएन्टल पव्लिकेशन ।

धिमाल, पात्र (२०६७), झापा दिग्दर्शन, धिमाल जातिको संक्षिप्त परिचय (पेज ५८०-५८१) ओरिएन्टल पव्लिकेशन ।

भण्डारी, भानु (२०६७), झापा दिग्दर्शन, जिल्लाको भौगोलिक स्वरुप, ओरिएन्टल पव्लिकेशन ।

मिश्र, चैतन्य (२०६२), पूँजीवाद र नेपाल, काठमाण्डौं, टेकु, मुल्याङ्कन प्रकाशन गृह प्रा.लि., ।

उपाध्याय, दोर्णकुमार  (२०६५), लोकवार्ता लोककै चर्चा, काठमाडौं, यसवन्त प्रकाशन गृह, ।

## प्रश्नपत्रहरु

(१) तपाईको आफ्नो नाममा कति जग्गाजमिन छ ?

(क) छैन (ख)...............................................

(२) अरुको जग्गा अधिया वा ठेक्कामा कमाउनु भएको छ ?

(क) छ (ख) छैन

(३) यदि छ भने कति जग्गा कमाउनु भएको छ ?

...................................................

(४) आफ्नो उत्पादनले वर्षको कति महिना खान पुग्छ ?

(क) ० महिना (ख) ३ महिना भन्दा कम

(ग) ३-६ महिना सम्म (घ) ६-९ महिना सम्म

(ङ) ९-१२ महिना सम्म (च) १२ महिना भन्दा बढी

(५) तपाइहरु दुई पुस्ता (बावु-छोरा) विच द्वन्द्वको अवस्था रहेको छ ?

(क) छ (ख) छैन

(६) यदि छ भने कुन-कुन पक्षमा द्वन्द्वको अवस्था रहेको छ ?

(क) सामाजिक-साँस्कृतिक पक्ष (ख) राजनीतिक पक्ष

(ग) शैक्षिक पक्ष (घ) आर्थिक पक्ष

(ङ) अन्य

(७) सामाजिक-साँस्कृतिक पक्ष अर्न्तगत कस्तो किसीमको द्वन्द्धको अवस्था रहेको छ ?

(क) ................................................ (ख) ................................................

(ग) ................................................ (घ) ................................................

(८) आफूभन्दा माथिल्लो पुस्ताले आफ्नै भाषा बोल्नुपर्छ भनेर दवाव दिन्छन् ?

(क) दिन्छन् (ख) दिदैंनन्

(९) तपाईहरु विच आफ्नो भेषभुषा परिवर्तन गर्ने या त्यसलाई नै निरन्तरता दिने पक्षमा द्वन्द्ध हुने गरेको छ ?

(क) छ (ख) छैन

(१०) छ भने तपाई के गर्न चाहनुहुन्छ ?

(क) भेषभुषा परिवर्तन गर्न (ख) भेषभुषालाई निरन्तरता दिन

(११) तपाईहरु दुइ पुस्ता विच चाडपर्व मनाउने विषयबस्तुलाई द्वन्द्धको अवस्था रहेको छ ?

(क) छ (ख) छैन

(१२) छ भने कस्तो विषयवस्तुलाई लिएर द्वन्द्ध सृजना हुन्छ ?

..........................................................................

(१३) तपाईहरु एउटै पस्ता विच द्वन्द्ध, तनाव, वेमेल, प्रतिस्प्रर्धाको अवस्था रहेको छ ?

(क) छ (ख) छैन

(१४) छ भने कस्तो विषयवस्तुलाई लिएर द्वन्द्व सृजना हुन्छ ?

(क) जग्गाको सम्बन्धमा (ख) खानपानको सम्बन्धमा

(ग) लेनदेनको सम्बन्धमा (घ) पेशाको सम्बन्धमा

(ङ) राजनितिक सम्बन्धमा (छ) सामाजिक-सांस्कृतिक सम्बन्धमा

(ज) अन्य.........................

(१५) द्वन्द्व सृजना हुनुको कारण के हो ?

(क) पेशा (ख) उमेर

(ग) लिङ्ग (घ) पुस्ता

(ङ) बसाईसराई (छ) अन्य

(१६) तपाईहरु छिमेकी-छिमेकी विच विषेश गरी के-के कुरामा मनमुटाव हुने गरेको छ ?

(क) जग्गाको विषयमा (ख) बालीनाली तथा कृषि सम्बन्धि विषयमा

(ग) केटाकेटीको झगडाको विषयमा (घ) छोरीचेली हातपातको विषयमा

(ङ) अन्य

(१७) घरपरिवारको सदस्यहरु विच मनमुटाव हुन्छ ?

(क) हुन्छ (ख) हुदैन

(१८) हुन्छ भने परिवारका कुन-कुन सदस्य विच हुन्छ ?

(क) आमा-छोरा (ख) आमा-छोरी

(ग) बावु-छोरा (घ) बावु-छोरी

(ङ) आमा-वुबा (छ) नन्द-भाउजु

(ज) सासु-बुहारी (झ) दाजु-भाइ

(ञ)दिदी-बहिनी (ट)दाजुभाइ-दिदीबहिनी

(ठ)अन्य........

(१९) घर परिवारको सदस्यहरु विच कस्तो विषयवस्तुलाई लिएर विवाद हुने गर्दछ ?

(क) पैसा सम्बन्धी विषयमा (ख) कामको विषयमा

(ग) साइकल टि.भि., मोवाइलको विषयमा (घ) पेशाको विषयमा

(ङ) शिक्षाको विषयमा (च) पैसा कमाउने र नकमाउनेको विषयमा

(छ) अन्य

(२०) विगतमा भएका द्धन्द्ध व्यवस्थापन कुन विधीबाट गर्नु हुन्छ ?

(क) औपचारिक (ख) अनौपचारिक

(२१) औपचारिक विधीबाट झगडाको व्यवस्थापन गर्दा सबै भन्दा पहिला कहाँ जानु हुन्छ ?

(क) स्थानिय निकाय (ख) जिल्ला अदालत

(ग) पुनरावेदन अदालत (घ) सर्वोच्च अदालत

(२२) अनौपचारिक विवाद समाधान संयन्त्रले विवाद समाधान गरिरहेको छ ?

(क) छ (ख) छैन

(२३) यदि छ भने अनौपचारिक तरिकाबाट विवाद समाधान गर्नुको कारण के हो ?

(क) मूल्य मान्यता सँस्कृतिको निरन्तरता (ख) अशिक्षा

(ग) सजिलो भएर (घ) औपचारिक व्यवस्था निकम्बा भएका

(ङ) यो व्यवस्था सबैलाई मान्य भएर

(२४) अनौपचारिक विवाद समाधानको तरिकामा सबै (महिला, निम्न आर्थिक स्तर भएका समुह आदि) लाई समानता छ ?

(क) छ (ख) छैन

(२५) द्वन्द्व व्यवस्थापनको निकायलाई के भन्नुहुन्छ ? जस्तै :-सतारको समाज बस्ने, राइको शिर उठाउने

.......................................................................................................................

(२६) संयन्त्रको संरचना गठन गर्ने व्यक्तिको छनौटको आधार के हो ?

(क) शिक्षा (ख) धन-सम्पति

(ग) बंश-परम्परा (घ) जेष्ठता

(ङ) अन्य

(२७) संयन्त्रको संरचनामा कति जना सदस्य हुन्छन् ?

(क) समुहको निर्णय अनुसार (ख) निश्चित संख्या

(ग) अन्य

(२८) निश्चित संख्या भए कति जना हुन्छ ?

.....................................................................

(२६) निर्णय गर्ने प्रक्रिया कस्तो हुन्छ ?

.......................................................................

(३०) तपाइहरु घर भित्रको झगडा कसरी मिलाउनु हुन्छ ?

(क) घर भित्रकै सदस्य मिलेर (ख) आफन्तहरु बोलाएर

(ग) समाजको अनौपचारिक संयन्त्र बोलाएर (घ) झगडाको प्रकृति हेरेर

(ङ) अन्य ...................................

(३१) तपाइहरु समुदायको झगडा कसरी मिलाउनु हुन्छ ?

(क) झगडा हुने दुइ पक्ष विच भेला भएर (ख) समाजको औपचारिक संयन्त्र बोलाएर
(ग) झगडाको प्रकृति हेरेर (घ) अन्य....................................

(३२) शोषित हुने पक्ष वा शोषण गर्ने पक्षलाई संम्यन्त्रको निर्णय मान्नु पर्ने बाध्यात्मक अवस्था छ ?

(क) छ (ख) छैन

(३३) यदि छैन भने उसले के गर्दछ ?

(क) औपचारिक कानुनमा जान सक्दछ (ख) संम्यन्त्रलाई पुनः सोचविचार गर्न अनुरोध गर्दछ
(ग) अन्य

(३४) स्थानिय विवाद समाधानका लागि अन्य जातजातिहरुको संम्यन्त्र बोलाइन्छ ?

(क) बोलाइन्छ (ख) बोलाइदैन

(३५) अनौपचारिक विधिबाट समस्या समाधान गर्दा तपाई सन्तुष्ट हुनुहुन्छ ?

(क) छ (ख) छैन

## अनुसूची - १

## घरधुरी सर्वेक्षणको लागि प्रश्नपत्र

१. घर संख्या :- ...........................................

२. उत्तरदाता :-

(क) नाम :- ............................................ (ख) उमेर :- ......................

(ग) लिङ्ग :- पुरुष/महिला (घ) पेशा :- .......................

३. घरमुली :-

(क) नाम :- ............................................ (ख) उमेर :- ....................

(ग) लिङ्ग :- पुरुष/महिला (घ) पेशा :- मुख्य ............./सहायक ...............

४. परिवार संख्या :- ....................

५. उत्तरदाताको परिवार संख्याको पुर्ण विवरण

| क.सं. | नाम | उमेर | लिङ्ग | घरमुली सँगको सम्बन्ध | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |

## अनुसूची - २

**फरक फरक उमेर समूहका व्यक्तिसँगको अन्तवार्ता**

१. तपाइको जीवनमा भएका द्वन्द्व सम्बन्धी घट्नाहरु

२. तपाइले देखेका भोगेका द्वन्द्व सम्बन्धी घट्नाहरु

३. घर-परिवारका सदस्य बीच द्वन्द्व हुने कारण

४. छर-छिमेकीका बीच द्वन्द्व हुने कारण

५. दुई पूस्ता बीच द्वन्द्व हुने कारण

६. तपाइको जीवनमा भएका द्वन्द्व व्यवस्थापन सम्बन्धी घट्नाहरु

७. तपाइले देखेका द्वन्द्व व्यवस्थापन सम्बन्धी घट्नाहरु

८. औपचारिक द्वन्द्व व्यवस्थापन विधी बाट भएका द्वन्द्व व्यवस्थापन

९. अनौपचारिक द्वन्द्व व्यवस्थापन विधी बाट गरिएका द्वन्द्व व्यवस्थापन